महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

मिथिला नगरपालिका

धनुषा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
मिथिला नगरपालिका
धनुषा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

मिथिला नगरपालिका

धनुषा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

यस नगरपालिकाको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । यस पालिकामा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यस पालिकाको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । यस पालिकाको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय ....

पत्र संख्याः २०७८।७९
च.नं. १०३

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
मिथिला नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
धनुषा ।

कैफियत सहितको राय

हामीले मिथिला नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ११ करोड ८० लाख ०३ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १५ लाख ५२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५ करोड ८८ लाख ९० हजार, नियमित गर्नुपर्ने रु ५ करोड ५२ लाख ०७ हजार र पेश्की रू. २३ लाख ५४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ३० करोड ५९ लाख २२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ४२ करोड २९ लाख ५५ हजार रहेको छ । **नगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

मिथिला नगरपालिका, धनुषा

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
६४	८२	११८००३	०	०	०	६४	८२	११८००३	१५५२	५५२०७	५८८९०	०	०	११४०९७	२३५४

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मिथिला नगरपालिका धनुषा	३०५९२२	०	९७०	३०४९५२	०	११८००३	४२२९५५

आर्थिक कारोबार

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : मिथिला नगरपालिका, धनुषा , मिथिला नगरपालिका , धनुषा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	बसन्त न्यौपाने	२०८०-१-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	गणेश प्रसाद भण्डारी	२०७७-१-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	११८,००२,८०६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१०,३६,५१,१४३.२६	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४३,१७,७९,०००	**चालु खर्च**	३६,२९,९६,५७५.३५
प्रदेश सरकारबाट अनुदान	२,०६,३०,०००	**पूँजीगत खर्च**	२१,१८,०६,८९३.४६
राजश्व बाँडफाँट	१२,०८,१०,३७८.९८	**वित्तीय/अन्य व्यवस्था**	१५,८६,२५,८४४.१४
आन्तरिक आय	५,८२,६३,९९०.७३		
अन्य आय	२३,९९,९१,७५१.३		
कुल आय	८७,१४,७५,१२१.०१	**कुल खर्च**	७३,३४,२९,३१२.९५
बाँकी मौज्दात		२४,१६,९६,९५१.३२	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छायस पालिकामा ११ वडा १८७.९४ वर्ग किलोमिटर क्षेत्रफल तथा करिव ४५,१६४ जनसंख्या रहेको छ।	
२			**लेखापरीक्षण** महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना,२०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धैरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग मिति २०७९।९।२३ मा छलफल सम्पन्न गरिएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:-	
३			**वित्तीय विवरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ	

आ.व. ०७८।०७९ को एकीकृत आर्थिक विवरण

विवरण	यस वर्ष रु.			गतवर्ष रु.	
	बजेट	आफैले गरेको प्राप्ति।भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति।भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	६८,४५,७८,२८३.१२	६८,०९,९५,८६२.२१	६८,०९,९५,८६२.२१	५९,९१,२३,००८.८४	५९,९१,२३,००८.८४
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	६३,७७,०१,०००.००	६४,६४,५४,२७०.८५	६४,६४,५४,२७०.८५	५७,१८,८१,३८९.१८	५७,१८,८१,३८९.१८
११००० कर	१२,३७,९२,०००.००	१५,१८,८६,४८७.९८	१५,१८,८६,४८७.९८	१५,२४,६६,६३४.२७	१५,२४,६६,६३४.२७
१३००० अनुदान	४६,३२,०९,०००.००	४५,२४,०९,०००.००	४५,२४,०९,०००.००	४०,५२,३८,५६०.००	४०,५२,३८,५६०.००
संघीय सरकार	४४,०५,७९,०००.००	४३,१७,७९,०००.००	४३,१७,७९,०००.००	३८,४६,७१,५६०.००	३८,४६,७१,५६०.००
प्रदेश सरकार	२,२६,३०,०००.००	२,०६,३०,०००.००	२,०६,३०,०००.००	२,०५,६७,०००.००	२,०५,६७,०००.००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१४००० अन्य राजस्व	५,०७,००,०००.००	४,२१,५८,७८२.८७	४,२१,५८,७८२.८७	१,४१,७६,१९४.९१	१,४१,७६,१९४.९१
ख. अन्य प्राप्ति	४,६८,७७,२८३.१२	३,४५,४१,५९१.३६	३,४५,४१,५९१.३६	२,७२,४१,६१९.६६	२,७२,४१,६१९.६६
वितरण गर्न बाँकी राजस्व	०	०	०	५३,८७,५२०.३२	५३,८७,५२०.३२
कोषहरु	४,६८,७७,२८३.१२	२,८५,३५,२१३.३६	२,८५,३५,२१३.३६	१,९९,६७,९३३.३४	१,९९,६७,९३३.३४
धरौटी	०	६०,०६,३७८.००	६०,०६,३७८.००	१८,८६,१६६.००	१८,८६,१६६.००
भुक्तानी (ग+घ)	८३,३६,१२,६६७.३३	६०,१८,९६,०३९.२५	६०,१८,९६,०३९.२५	६६,६४,५५,७८३.३२	६६,६४,५५,७८३.३२
ग. भुक्तानी (सञ्चित कोषबाट)	७८,६७,३५,३८४.२१	५७,४६,२८,४६८.८१	५७,४६,२८,४६८.८१	६४,३५,२९,९३३.६०	६४,३५,२९,९३३.६०
२१००० पारिश्रमिक । सुविधा	१०,७७,११,१७४.००	६,९१,१२,३०९.६९	६,९१,१२,३०९.६९	७,२८,४३,३२२.७७	७,२८,४३,३२२.७७
२२००० मालसामान तथा सेवाको उपयोग	१२,६०,७०,३१०.२१	९,३८,३७,३३२.०३	९,३८,३७,३३२.०३	१२,०१,३८,३८२.६४	१२,०१,३८,३८२.६४
२५००० सहायता (Subsidy)	१६,६०,०६,९००.००	१५,८५,०८,७८८.५१	१५,८५,०८,७८८.५१	१३,०१,५५,६३३.४७	१३,०१,५५,६३३.४७
२७००० सामाजिक सुरक्षा	२,०८,१०,०००.००	७५,३२,३११.६७	७५,३२,३११.६७	१,४५,७१,१४७.५९	१,४५,७१,१४७.५९
२८००० अन्य खर्च	४,३०,२७,०००.००	३,४०,०५,८३३.४५	३,४०,०५,८३३.४५	१,२७,७३,१६८.००	१,२७,७३,१६८.००
३१००० गैर वित्तीय सम्पत्ती । पुँजीगत खर्च	३२,३१,१०,०००.००	२१,१६,३१,८९३.४६	२१,१६,३१,८९३.४६	२९,३०,४८,२७९.१३	२९,३०,४८,२७९.१३
घ. अन्य भूक्तानी	४,६८,७७,२८३.१२	२,७२,६७,५७०.४४	२,७२,६७,५७०.४४	६६,६४,५५,७८३.३२	६६,६४,५५,७८३.३२
कोषहरु	४,६८,७७,२८३.१२	२,५१,३९,०१९.८४	२,५१,३९,०१९.८४	२,०७,३९,४८३.७२	२,०७,३९,४८३.७२
धरौटी	०	२४,५०,०४०.००	२४,५०,०४०.००	२१,८६,३६६.००	२१,८६,३६६.००
कट्टी रकम भुक्तानी।दाखिला गर्न बाँकी		(३,२१,४८९.४०)	(३,२१,४८९.४०)		

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td>(१४,९०,३४,३८४.२१)</td><td>७,९०,९९,८२२.९६</td><td>७,९०,९९,८२२.९६</td><td>(६,७३,३२,७७४.४८)</td><td>(६,७३,३२,७७४.४८)</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td>१५,५८,८७,४६०.२०</td><td>१५,५८,८७,४६०.२०</td><td>२०,४७,५०,१६०.९७</td><td>२०,४७,५०,१६०.९७</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td>(१४,९०,३४,३८४.२१)</td><td>२३,४९,८७,२८३.१६</td><td>२३,४९,८७,२८३.१६</td><td>१३,७४,१७,३८६.४९</td><td>१३,७४,१७,३८६.४९</td></tr>
<tr><td>बैंक तथा नगद बाँकी</td><td></td><td>२३,१३,५५,८८३.१६</td><td>२३,१३,५५,८८३.१६</td><td>२,७०,३४,५८२.३३</td><td>२,७०,३४,५८२.३३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरण :-
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः-</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता
यस पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५,३०,०६,२३८।- सुत्रमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>फरक जिम्मेवारी
पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ। गत वर्षको महालेखापरीक्षकको प्रतिवेदन अनुसार रु.१०,३६,६१,१४३.७४ रहेकोमा यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु.१०,३६,५१,१४३.२६ मात्र जिम्मेवारी सारेको देखिएको सम्बन्धमा यकिन गरी थप जिम्मेवारी सार्न बाँकी अ.ल्या . गर्नपर्ने रु.</td><td>१०,०००</td></tr>
<tr><td>७</td><td></td><td></td><td>फरक हिसाव
यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.५२,२३६,३१६.९४ यस वर्षको प्राप्ति रु.१९,०४,७९,२६८.८० यस वर्षको भुक्तानी रु.१३१,५३३,२७३.७० र बैङ्क मौज्दात रु. १०३,४१,०६८.१६ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।
<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी रु.</th><th>यसवर्षको प्राप्ति (आय) रु.</th><th>यसवर्षको भुक्तानी (व्यय) रु.</th><th>बैङ्क मौज्दात रु.</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>१५५८८७४६०.२०</td><td>६८०९९५८६२.२१</td><td>६०१८९६०३९.२५</td><td>२३१३५५८८३.१६</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>एकीकृत आर्थिक विवरण अनुसार</td><td>१०३६५११४३.२६</td><td>८७१४७५१३१.०१</td><td>७३३४२९३१२.९५</td><td>२४१६९६९५१.३२</td></tr>
<tr><td>फरक</td><td>५२२३६३१६.९४</td><td>(१९०४७९२६८.८०)</td><td>(१३१५३३२७३.७०)</td><td>(१०३४१०६८.१६)</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>
बैङ्क हिसाव विवरण
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।
<table>
<tr><th>खाता</th><th>स्रेस्ता अनुसार बाँकी रु.</th><th>बैङ्क अनुसार बाँकी रु.</th><th>फरक रु.</th></tr>
<tr><td>ग ४.१, स्थानीय तह सञ्चित कोष खाता</td><td>१४१३९३२७४.१७</td><td>१४८३५९२३.२२</td><td>१२६५५७३५०.९५</td></tr>
<tr><td>ग २.१, चालू खर्च खाता- विजोर वर्ष</td><td>४४६७६१५६.६३</td><td>४५९३७३८८.६३</td><td>(१२६१२३२.००)</td></tr>
<tr><td>ग २.३, पुंजीगत खर्च खाता- विजोर वर्ष</td><td>२५९२७५५४.९४</td><td>३४७६८८१५.९४</td><td>(८८४१२६१.००)</td></tr>
<tr><td>ग २.७, विविध खर्च खाता</td><td>७४०१३५३.६०</td><td>७४०१३५३.६०</td><td>-</td></tr>
<tr><td>ग ६.१, स्थानीय तह विभाज्य कोष खाता</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>कर्मचारी कल्याण कोष खाता</td><td></td><td></td><td>-</td></tr>
<tr><td>ग ३.१, स्थानीय तह धरौटी खाता</td><td>३९९५०९१.००</td><td>३९९५०९१.००</td><td>-</td></tr>
<tr><td>ग१.१, आन्तरिक राजस्व खाता</td><td>-</td><td>११७५९५२९.०८</td><td>(११७५९५२९.०८)</td></tr>
<tr><td>ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>-</td><td>८७१४५५७३.८७</td><td>(८७१४५५७३.८७)</td></tr>
<tr><td>ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>९६७४२५.२२</td><td>१००४१५३.८२</td><td>(३६७२८.६०)</td></tr>
<tr><td>ग ५.१, स्थानीय तह विविध कोष खाता</td><td>६९९५०२७.६०</td><td>७११६२५९.६०</td><td>(१२१२३२.००)</td></tr>
<tr><td>ग १.३, आन्तरिक अनुदान खाता</td><td>-</td><td>२७७४१४७५.००</td><td>(२७७४१४७५.००)</td></tr>
<tr><td>बैङ्क मौज्दात</td><td>२३१३५५८८३.१६</td><td>२४१७०५५६३.७६</td><td>(१०३४९६८०.६०)</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
			पालिकाले म.ले.फा.नं.२१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ।	
९			**सञ्चित कोषमा स्थानान्तरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा बैंकअनुसार रु.४,५९,३७,३८८.६३ पुँजीगत खातामा रु.३,४७,६८,८१५.९४ तथा आन्तरिक राजश्व खातामा रु.१,१७,५९,५२९।०८, राजश्व बाँडफाँड खातामा रु. ८,७१,४५,५७३.८७ गरी रु. १७,९६,११,३०७.५२ मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ।	
१०			**दायित्व भुक्तानी** पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ। पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं२७२) अनुसार वर्षान्त विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु.३,२१,४८९.४० देखाएको छ। यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.	३२१,४८९
११			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन: • पालिकाले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको खाता व्यवस्थित नराखेको • एकभन्दा बढी कार्यक्रमका लागि एकैपटक पेश्की दिई काम गर्ने गराउने गरेको, समयमा पेश्की फस्र्यौट गर्ने नगरेको • भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको, निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरीज तयार नगरेको, आधारभूत कागजातहरुको संरक्षणमा ध्यान नदिएको, आंशिक बिल भरपाईमात्र श्रेस्तासाथ राख्ने गरेको, • उपभोक्ता समितिहरुले पेश गरेको बिल भरपाईहरु मूल्याङ्कन अनुसार भए नभएको यकिन गर्ने नगरेको। • पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन। • पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन। • सञ्चालित योजनाको सूचनापाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन। सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ। • यस पालिकाकामा कार्यरत कुनैपनि कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन। • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा पालिकाले हालसम्म पनि आन्तरिक लेखापरीक्षण गराएको पाइएन। • ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन। • पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन। • सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• भ्रमण खर्च नियमावली,२०६४ अनुसार भ्रमण।अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले भ्रमण तथा अनुगमन वापत रु.२४ लाख ६२ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। विविध खर्चतर्फ पालिकाले रू.२६ लाख १४ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। • पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो। • पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन। • पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन। • संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन। • संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन। • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्याक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन। • पालिकामा खरिद भएका औषधि, अन्य समानहरु र विकास निर्माणका कार्यहरुको गुणस्तर परीक्षण गरेको छैन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।	
१२			**योजनाको प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरीवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नानुसार ११ वडाको लागि २१९ वडागत र पालिकास्तरका १७१ योजना गरी कूल ३९० योजनामा वजेट विनियोजन गरेको छ भने ५३ वटा योजनाहरुमा शुन्य बजेट विनियोजन गरेको देखियो।	

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु. ५ लाख भन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	१७१	२७	५५	८९
२	वडा स्तरीय	२१९	१	५२	१६६
जम्मा		३९०	२८	१०७	२५५

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३०२ योजनामात्र कार्यान्वयन भई १४१ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>शसर्त अनुदान फिर्ता
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ फिर्ता गर्न बाँकी अनुदान सघं तर्फ रु.५,३५,०७,५८४।०२ र प्रदेश तर्फ रु.१६,७५,०००।– गरी कुल रु.५,५१,८२,५८४।०२ देखाएकोमा पालिकाले संघीय सशर्त तर्फको रु.५,००,००,००० मात्र फिर्ता गरेको देखिएकोले संघीय तर्फको बाँकी रु.३५,०७,५८४।०२ र प्रदेश तर्फ रु.१६,७५,०००।– गरी कुल रु ५१,८२,५८४।०२ सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.</td><td>५,१८२,५८४</td></tr>
<tr><td>१४</td><td></td><td></td><td>पेश्की बाँकी
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.७८,११,४७६ .बाँकी रहेको मध्ये चालु आ.व.को उक्त पेस्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु
<table>
<tr><th>पेस्की मिति</th><th>भौ. नं.</th><th>पेस्कीको विवरण</th><th>पेस्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</th><th>पेस्की रु.</th></tr>
<tr><td>२०७९।०३।२४</td><td>१४३</td><td>मध्यम प्रविधियुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम</td><td>उमेश कुमार महतो</td><td>७५०,०००.००</td></tr>
<tr><td>२०७८।१०।२५</td><td>२८</td><td>पोखरीय सागरको लागि पालिका तर्फबाट म्याचिङ फण्ड</td><td>आकृति निर्माण सेवा प्रा.ली.</td><td>११००,०००.००</td></tr>
<tr><td>२०७९।०१।२२</td><td>६१</td><td>विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान</td><td>श्री सार्वजनिक नमुना माध्यामिक विधालय</td><td>२५००,०००.००</td></tr>
<tr><td>२०७८।११।१५</td><td>३२८</td><td>उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता</td><td>खानेपानी आयोजना उपभोक्ता समिति</td><td>१२७३,४७६.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५६,२३,४७६.००</td></tr>
</table></td><td>५,६२३,४७६</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>धरौटी फिर्ता
सार्वजनिक खरिद निमावली,२०६४ को नियम १२४ मा निर्माण व्यवसायीले आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि मात्र धरौटी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। तर यस पालिकाले देहायका भौचरबाट निम्नानुसारका फर्मलाई धरौटी रकम फिर्ता गर्दा आय विवरण पेश गरेको प्रमाण पेश नगरी धरौटी रकम फिर्ता गरेको मु.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./ मिति</th><th>निर्माण व्यवसायीकको नाम</th><th>पान नं.</th><th>धरौटी फिर्ता रु.</th></tr>
<tr><td>२७/२०७९।०१।२८</td><td>बाग्मती ड्रिलिङग एण्ड निर्माण सेवा प्रा.लि.</td><td>६०९९५८००१</td><td>१५००००</td></tr>
<tr><td>२७/२०७९।०१।२८</td><td>मिरा ड्रिलिङग एण्ड पाईलिङ</td><td>६११०१५९६७</td><td>१५००००</td></tr>
</table></td><td>३००,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td></td><td>जम्मा</td><td></td><td>३०००००</td></tr></table>	
१६			**तलवी प्रतिवेदन** निजामती सेवा ऐन,२०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४, शिक्षा ऐन,२०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्य, शिक्षा, पालिका स्थायी, निजामती सेवामा कार्यरत लगायतका कूनैपनि तलवी प्रतिवेदन पारित नगरी रु.४ करोड ९७ लाख २६ हजार खर्च लेखेको छ। तलवी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलवी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।	
१७			**आर्थिक सहायता** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी देहाय बमोजिमका विभिन्न १०० संघसंस्था र व्यक्तिहरुलाई औषधि उपचार मेलापर्व आयोजना लगायतका लागि रु.१६,४९,००० आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।	
१८			**उद्दार, राहत तथा पुनर्स्थापना** कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन। आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पुंजी निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पुँजीगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ। यस्तो वितरणमुखी एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाव दिंदै आएकोमा यो वर्ष पनि विभिन्न व्यक्ति तथा संस्थालाई उद्दार राहत पुनर्स्थापनामा शीर्षकबाट रु.६०५६८१ र बन्य सामाजिक सुरक्षा शीर्षकबाट रु.७,९९,६०० वितरण गरेको देखिन्छ। निश्चित विधि र मापदण्डको बिकास गरी यस्तो खर्चलाई नियन्त्रण र प्रतिफलमुखी बनाउनुपर्दछ।	
१९			**योजना तथा वजेट कार्यान्वयन** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन: • अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन। • आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो। कुल पुँजीगत खर्च रु.२१ करोड १६ लाख ३१ हजार भएकोमा प्रथम त्रैमासिकमा खर्च नै भएको छैन, दोश्रो त्रैमासिकमा रु.२५ लाख ८ हजार, तेस्रो त्रैमासिकमा रु.५ करोड ७ लाख ३४ हजार, चौथो त्रैमासिकमा रु.१५ करोड ८३ लाख ८८ हजार र असार महिनामा मात्रै रु.११ करोड २५ लाख ४२ हजार (कुल खर्चको ५३.१८%) भएको देखिन्छ। अत: वर्षान्तको खर्च उच्च रहेको छ। • सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.३० करोड ३२ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.५ करोड ४० लाख ५५ हजार रकमान्तर गरेको छ। उक्त रकम कुल वजेट रु.७८ करोड ६७ लाख ३५ हजार तुलनामा ६.८७ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन। तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०			**गत विगतको भुक्तानी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.६६७,९४४।४५ भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।	

भौ नं	मिति	खर्चको व्यहोरा	रकम रु.
९४	२०७८।७।१६	पालिकाको विभिन्न पदाधिकारीहरुको गत आ.व. को दैनिक भ्रमण भत्ता प्रमाणीत कच्चावारी र तथा अनुगमन प्रतिवेदन विना भुक्तानी	१९९,५००.००
१०९	२०७८।८।९	नगर प्रमुख हरि नारायण महत्तोलाई अनुगमन प्रतिवेदन र प्रमाणीत कच्चावारी बेगर १५ दिनको छुट अनुगमन भत्ता भुक्तानी	४५,०००.००
१३५	२०७८।८।२३	पिस लुम्बिनि ईन्टरनेशनल कम्पनी प्रा.ली.लाई कार्यपालिकाको निर्णय बमोजिम गत वर्षको भुक्तानी	३७,७२८.८५
१४१	२०७८।९।२	जगदम्बा ह्युम्पाईप एण्ड ईण्डष्ट्रिज प्रा.ली.लाई कार्यपालिकाको निर्णयानुसार भुक्तानी	६३,९२७.००
४४७	२०७८।१२।२३	सभ्याता अनुसन्धान केन्द्र प्रा.ली.लाई कच्चावारी वेगर कार्यपालिकाको निर्यानुसार भुक्तानी	३२१,७८९.००
जम्मा			६६७,९४४.८५

२१			**जिन्सी व्यवस्थापन** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ।त्यस्तै जिन्सी श्रेस्ता व्यवस्थित गर्न म.ले.प.फा.नं. ४०१ देखी ४१८ सम्म फारामहरु लागू भएको छ भने जिन्सी हिसाब तथा श्रेस्ता राख्नको लागि महालेखा नियन्त्रक कार्यालयले मिति २०७७।०४।१ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS लागू गरेकोमा पालिकाले PAMS को प्रयोगमा ल्याएको भएपनि शुरुदेखिको एकीकृत जिन्सी विवरण तयार गरेको छैन भने चालु आ.व.को मात्र जिन्सी अभिलेख तयार गरेको देखिएकोले पालिका गठन हुन अगाडि देखिको एकीकृत सम्पत्ति विवरण तयार गर्नुपर्दछ।	
२२	३४८	२०७८-११-२३	**बढी भुक्तानी** देउराली मा.वि. तुलसीलाई बढी रकम भुक्तानी भएकोले सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोषमाा दाखिला गर्नुपर्ने भनी गत विगतको लेखापरीक्षण प्रतिवेदनमा औल्याएको भनी पालिकाबाट सो रकम बराबर खर्च लेखी वेरुजु दाखिला गरेको पाइएकोले सम्बन्धित विद्यालयले पालिकाको खातामा रकम जम्मा गरेको प्रमाण पेश गर्नुपर्दछ अन्यथा असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.	६०७,८४०
२३			**पदाधिकारी सुविधा**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मधेश प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्गा गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ। तर पालिकाले यो वर्ष पदाधिकारी सुविधा शीर्षकबाट पदाधिकारीले पाउने मासिक सुविधाका अतिरिक्त पदाधिकारीको इन्धन,मर्मत,वैठक भत्ता,अनुगमन भत्ता लगायतका खर्च गर्नुका साथै निम्नानुसार आन्तरिक आम्दानी भन्दा बढी पदाधिकारी सुविधा अन्तर्गत खर्च गरेको छ।
<table>
<tr><th>विवरण</th><th>विनियोजन रु.</th><th>खर्च रकम रु.</th></tr>
<tr><td>पदाधिकारी पारिश्रमिक</td><td>१९००००००</td><td>१०६८८८११</td></tr>
<tr><td>पदाधिकारी वैठक भत्ता</td><td>९०००००</td><td>१३६०००</td></tr>
<tr><td>पदाधिकारी अन्य सुविधा</td><td>३०००००</td><td>०</td></tr>
<tr><td>पदाधिकारी अन्य भत्ता</td><td>३०००००</td><td>२५०००</td></tr>
<tr><td>इन्धन (पदाधिकारी)</td><td>५०००००</td><td>१००००</td></tr>
<tr><td></td><td>२०५००००००</td><td>१०८५९८११</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४</td><td>७</td><td>२०७८-६-१</td><td>अवकाश पछिको तलव भत्ता
प्रचलित ऐन कानून अनुसार सेवामा वहाल रहँदासम्म मात्र तलव भत्ता भुक्तानी पाउने व्यवस्था रहेकोमा स्थानीय सेवा अन्तर्गतका ईन्जिनियर ज्ञानेन्द्र कुमार देव मिति २०७८।५।१४ मा अवकाश भएकोमा पालिकाले अवकाशपछि पनि अर्थात असोज मसान्तसम्म नै चाडपर्व खर्च समेत भुक्तानी गरेकाले बढी भुक्तानी भएको तलवभत्ता असुल गर्नुपर्ने रु.</td><td>६५,९८४</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>मुर्ति खरिद
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा जिम्मेबार पदाधिकारीले बजेट खर्च गर्दा आवश्यकता र औचित्यसमेत पुष्टि हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ। त्यस कार्यालयले वडा न ७ पोखरियामा स्थापना गर्न भनि मदन भण्डारिको प्रतिमा खरिद गरेको छ। के डि मुर्तिकला एण्ड चित्रकला उद्योगलाइ उक्त मुर्तिबापत रु ४८०००० भुक्तानी गरेकोमा लागत अनुमानको आधार समेत स्पष्ट हुन आएन। शालिक स्थापना नभएको देखिकोले सार्वजनिक श्रोतसाधनको खर्च मात्र भएको देखियो।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>मिथिला सागर सौन्दर्यीकरण योजना</td><td></td></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>मिथिला सागर पोखरिया पर्यटन सौन्दर्यीकरण योजनाका कार्यको लागि मिथिला सागर नजिक स्वीमिङ पुल निर्माण गर्न मिति २०७८।२।१८ मा पालिकाले निर्णय गरेको छ। बोलपत्र आव्हान गरी निर्माण कार्य गर्ने निर्णय गरिएकोमा संस्कृति पर्यटन तथा नागरिक उड्यान मन्त्रालयले रु.१ करोड ९० लाख तथा पालिकाले ४९ लाख गरी व्यहोर्ने उल्लेख छ। यस अन्तर्गत देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन :-
• Chandrika Groups of Engineering Consultancy प्रालिले डिजाइन गरेको प्राविधिक लागत अनुमान रु.१,९०,००,००० उल्लेख भएकोमा लागत अनुमान तथा दर बिश्लेषणको आधार पेश भएन।
• मिति २०७८।२।१९ मा प्रकासित भएको वोलपत्र सूचनामा निर्माण कार्यको लागि ग्राह्य हुनको लागि पछिल्लो ५ बर्षमा कम्तिमा एउटा स्वीमिङ पुल वनाएको हुनुपर्ने प्रावधान राखिएकोमा वोलपत्र मुल्यांकन समितिको मिति २०७८।४।११ को निर्णय अनुसार उक्त प्रावधान हटाइ कम कवोल गर्ने आकृति निर्माण सेवा प्रालिलाइ कुल रकम रु १२७७६४८१ मा छनौट गरी २०७८।७।११।मा मिति २०७९।१।१० सम्म कार्य सम्पन्न गर्नेगरी सम्झौता गरेको छ। लेखापरीक्षण अबधिसम्म कार्य गरेको तथा भुक्तानी भएको देखिएन।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६.
२</td><td></td><td></td><td>पेस्की जमानत :- सार्वजनिक खरिद नियमावली,२०६४ मा निर्माण कार्यको सम्झौता गर्दा सम्झौता अबधिको निश्चित समयावधि व्यतित भएपश्चात पेस्की फस्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। सम्झौतामा निर्माण कार्यको ८० प्रतिशत समयावधी सम्म पुरै पेस्की रकम फस्र्यौट गर्नुपर्ने व्यवस्था छ। साथै नियमावलीको नियम ११३ (६) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदाताले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधि भित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेस्की फस्र्यौट हुन नसकेमा सार्वजनिक निकायले उपनियम (३) बमोजिमको बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेस्की फस्र्यौट गर्नु पर्ने र निजबाट त्यस्तो पेस्की रकमको सयकडा दश प्रतिशत व्याज समेत असूल उपर गर्नु पर्ने ब्यबस्था छ।
यस ठेक्कामा निर्माण व्यवसायीलाई निम्नानुसार पेस्की दिइएकोमा खरिद सम्झौताको म्याद थप नभएको तथा पेस्की जमानतको म्याद समेत समाप्त भएको देखियो। तसर्थ सार्वजनिक खरिद नियमावली अनुसार पेस्की बाँकी रकम को १० प्रतिशतले हुने व्याज समेत असुल गर्नुपर्ने रु.
<table>
<tr><th>बैकको नाम</th><th>पेस्की जमानत अवधी</th><th>जमानत नं.</th><th>पेस्की जमानत रु.</th><th>असुल गर्नुपर्ने व्याज रु.</th><th>व्याज समेत रु.</th></tr>
<tr><td>माछापुच्छ्रे बैक</td><td>२०७८।१२।२१</td><td>APG-1080045।4993।22</td><td>६३००००.००</td><td>६३०००.००</td><td>६९३०००.००</td></tr>
<tr><td></td><td>२०७८।११।१९</td><td>APG-108।0030।4993।21</td><td>५०००००.००</td><td>५००००.००</td><td>५५००००.००</td></tr>
<tr><td></td><td>२०७९।१।८</td><td>APG-108.0048।4994।22</td><td>११०००००.००</td><td>११०००.००</td><td>१११९०००.००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>२३५४०००.००</td></tr>
</table></td><td>२,३५४,०००</td></tr>
<tr><td>२६.
३</td><td></td><td></td><td>निर्माण कार्य सम्पन्न नभएको :- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० वमोजिम तोकिएको अवधीमा कार्यसम्पन्न नभई म्याद थप गर्नुपरेमा निर्माण व्यवसायीले ७ दिन अगावै निवेदन दिनुपर्ने र सो वमोजिम जाँचवुझ गरी तोकिएका अधिकारीले म्याद थप गर्न सकिने व्यवस्था छ। सोही नियमावलीको नियम १२१ मा सम्झौता अवधीभित्र कामसम्पन्न नगरेमा सम्झौतामा उल्लिखित शर्त बमोजिम निर्माण व्यवसायीले पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ। यस खरिद सम्झौतामा निर्माण व्यवसायीले तोकिएको अवधिमा नै मिति २०७८।१२।१४ मा म्याद थपको लागि निबेदन पेश गरेको तथा मिति २०७९।१।१३ मा प्रथम रनिङ्ग बिल भुक्तानीको लागि निवेदन पेश गरेको देखिन्छ। तर पालिकाबाट म्याद थप तथा निबेदन उपर सम्बोधन भएको देखिएन। तसर्थ उक्त म्याद थप नगर्नाको कारण समेत संलग्न नभएकोले नियमानुसार म्याद थप्नुपर्ने (कार्यसम्पादन जमानत तथा विमाको समेत हुनेगरी) अन्यथा नियमानुसार सम्झौता रकम रु.१,२७,७६,४८१ को १० प्रतिशतले हुन आउने रकम रु.१२,७७,६४८ पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने देखिएको छ।</td><td></td></tr>
<tr><td>२६.
४</td><td></td><td></td><td>मिति २०७९।८।१५ गते पालिकाको प्राविधिक टोली समेतको उपस्थितिमा स्थलगत अबलोकन गर्दा उक्त निर्माण कार्यको एक तहको भुई ढलान भएको तथा अर्को तहको ढलानको लागि छडको जाली बिच्छयाई राखेको देखियो। लामो अवधिसम्म राखेकोले छडमा खिया लागेको र माथिल्लो भागबाट मोटो खसेको देखियो। यसरी काममा ढीलाइ हुंदै जाँदा खुला रुपमा रहेका छडमा खिया लागेको कारण गुणस्तरमा समेत असर पर्ने देखिन्छ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
खिया लागने अवस्थामा पुगेको छडको स्थिति</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>गत वर्षको भुक्तानी
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित गरेको देखिएन। यस वर्षको बजेटमा समावेश गरी गत वर्षको निम्नानुसारको योजनाहरुमा रु.९३ लाख १२ हजारको सम्झौतामा रु.६४ लाख ६१ हजार भुक्तानी दिएको छ। आर्थिक बर्षको अन्त्यमा आएर सम्झौता गर्ने र न्युन समयावधीको सम्पन्न मिति राख्नाले सम्बन्धित आर्थिक वर्षमा भुक्तानी हुन नसकेको देखिन्छ। सम्झौता अनुसार कार्य समयमा नै सम्पन्न गराई भुक्तानी दिने ब्यवस्था गर्नुपर्दछ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>योजनाको नाम</th><th>वडा</th><th>लागत अनुमान रु.</th><th>कार्यसम्पन्न रु.</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>८६-०७८।१२।१०</td><td>अधुरो सामुदायिक अशोकवाणीको भवन (झ्यालढोका रंगरोमर, इलेक्ट्रिक लगायत गर्ने)</td><td>३</td><td>३३७४२७</td><td>३३३४८०</td><td>३०००००</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१४०-०७९।०१।१४	कुडुगदेन उर्गेन हुदै गुम्बाको अधुरो भवन निर्माण	११	६६१५८०	६६०११०	५८२०००
१७३-०७९।०१।२३	अधुरो समुदायिक भवन	३	२७७२२६	२७४५८०	२४९५८६
१७९-०७९।०१।२५	अधुरो शिव मन्दिर	७	२२००२७	२२००५५	१९६०००
२००-०७९२।१४	अधुरो शिव मन्दिर	८	४४१२५४	४१५७१२	३६२९१७
२०३-०७९२।१४	अधुरो मन्दिर (प्लासर रैलिङ का)	४	२२००८९	२२०४०५	१९४०००
२२८-०७९।३।०९	समुदायिक भवन रंगभेग वत्ती तथा झ्याल ढोका प्लाष्टर	११	४४०५३९	४४०१२५	३८८०००
२४७-०७९।३।०३	वडा नं.७ गुम्वा निर्माण	७	१४३१८४६	१२९३१६४	
२६३-०७९।३।०६	अधुरो भवन निर्माण	१	३३०२०	३२९५७२	२६६१५२
२८१-०७९।३।१६	अधुरो धिडिवार मन्दिर	१	५५१८५५	५५९७९९	
२८६-०७९।३।१९	अधुरो अस्पताल पछाडी	३	१११९३३५	१०९९८९९	९५४८७५
३०१-०७९।३।१९	अधुरो कविर कुहि प्लाष्टर झ्यालढोका सोलिङ वालको काम	३	३३२६६५	३३०३९९	२८६८००
३४०-०७९।३।२४	वडा नं.८ समुदायिक भवन (कम्पाउण्ड वाल झ्यालढोका रंगभेगन विजुली)	८	१३६१८४३	१२०९०४७	१०५२४७१
३५७-०७९।३।२५	नवराझिझ वडा नं.२ कर्वडहल	२	१११०६१६	१०५७८२७	९२८३००
३७४-०७९।३।२५	अधुरो वन्देवी मन्दिर	३	७७२८७७	८२५१०७	७०००००
			९३१२१९९	९२६९२८१	६४६११०१

२८			**च्यापाकटर खरिद**	
२८.१			पालिकाले कृषकहरुलाइ च्यापाकटर खरिद गरि ५० प्रतिशत अनुदानमा बितरण गरेको छ। यस अन्तर्गत देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन-	

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
२८.२			सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा नियमावलीको नियम ९ को आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले ५० प्रतिशत अनुदानमा रु.६४,५०,००० को कार्यक्रम स्वीकृत गरेकोमा लागत अनुमान तयार गरेको छैन ।वोलपत्र आव्हानमा प्रति इकाई रु.२७,६०० को दर उल्लेख भएकोमा स्पेसिफिकेशन कुन निकायबाट तयार गरेको उल्लेख छैन।	
२८.३			सार्वजनिक खरिद नियमावली,२०६४ को नियम बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्नु पर्नेछ र अन्तर्राष्ट्रिय स्तरको बोलपत्रको हकमा अन्तर्राष्ट्रिय सञ्चार माध्यममा समेत प्रकाशन गर्न सकिनेछ। उपदफा (२) मा उपदफा (१) बमोजिमको सूचना केन्द्रीयस्तरको सार्वजनिक निकायको हकमा सो निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईटमा राख्नु पर्नेछ र जिल्लास्तरीय सार्वजनिक निकायको हकमा त्यस्तो सूचना सो निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईटमा राख्न सकिने व्यवस्था रहेको छ। पालिकाले च्यापाकटर खरिदको लागि कूल रु.६४,५०,००० को मिति २०७८।१०।२८ मा सुचना प्रकाशन स्थानिय स्तरको पत्रिकामा गरेको पाइयो वोलपत्र समितिको मिति २०७८।११।२३ को निर्णयानुसार सुप्रिय इन्टरप्राइजेज एण्ड जनरल अडर्स जनकपुरको कूल रु.६४,३०,८०० को बोलपत्र स्वीकृत गरी ५० प्रतिशत रकम रु.३२,५०,००० भुक्तानी गरेको देखियो। कार्यालयको वेभसाइटमा सुचना राखेतापनी वोलपत्रको तुलनामा रु.१९,२०० मा घटी अर्थात ०.२९ प्रतिशत आवेदकको वोलपत्र स्वीकृत गरेको देखियो। साथै सोही आपुर्तिकर्तासँग पुन: रु.८,००,००० को २९ थान सोही दररेट संलग्न गरी रु.४,००,००० भुक्तानी गरेको देखियो। सामाग्री आपुर्ति पश्चात स्पेशिफिकेशन अनुसार प्राप्त भए नभएको सम्बन्धमा परीक्षण समेत गरेको देखिएन। अतः नियमानुसार खरिद नगरेको तथा स्पेशिफिकेशन समेत परीक्षण नगरी कार्य गरेको देखिएको अनियमित देखिएको रु.	३,६५०,०००
२८.४			च्यापाकटर खरिद वापत रु.३६,५०,००० पालिकाले व्यहोरेको र २६२ थान बितरण गर्दा लाभग्राही छनौटको आधार देखिएन। केवल नागरिकताको फोटोकपी र वडाले सम्बन्धित ब्यक्तिलाई भुक्तानी गरिदिनु भन्ने निवेदनको आधारमा भुक्तानी गरेकोमा उक्त सामाग्री वास्तविक तथा आवश्यक भएको लाभग्राहीलाई न्यायोचित ढंगले वितरण गरेको, दोहोरो नपरेको भनि यकिन गर्ने आधार भएन।	
२९			**सडक बत्ति**	
२९.१			पालिकाले नगर क्षेत्रभित्र रहेको विभिन्न १३ स्थानमा सडकबत्ती राख्ने कार्यको ललागि लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट आपुर्तिकर्ता छनौट गरी खरिद कार्य गरेको छ सो अन्तर्गत देखिएका व्यवहारहरू निम्नानुसार रहेका छन् :-	
२९.२			सार्वजनिक खरिद नियमावली,२०६४ को नियम बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्नु पर्ने,उपदफा (२) मा उपदफा (१) बमोजिमको सूचना केन्द्रीयस्तरको सार्वजनिक निकायको हकमा सो निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईटमा राख्नु पर्नेछ र जिल्लास्तरीय सार्वजनिक निकायको हकमा त्यस्तो सूचना सो निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईटमा राख्न सकिने व्यवस्था रहेको छ। पालिकाले सडक बत्ति जडान कार्यको लागि प्रति पोल रु.२,९९,६१९ को दरले १३ पोलको रु.३८,९५,०५६ को लागत अनुमान तयार गरेकोमा लागत अनुमानको आधार पेश हुन आएन साथै बोलपत्र आव्हानको सूचना समेत १ स्थानीय पत्रिकामा पकाशन गरेकोले खरिद कार्य प्रतिस्पर्धी भयो भन्न सकिएन ।कार्यलयको वेभसाइटमा सुचना राखेतापन वोलपत्र समितिको मिति २०७८।१२।१६ को निर्णय सबैभन्दा कम रकम प्रस्ताव गर्ने रिन्युएबेल इनर्जी एण्ड कम्पनी लिमिटेडको को प्रस्ताव रु.३८,७०,८१६ को बोलपत्र खरिद गरी भुक्तानी गरेकोमा लागत अनुमानको तुलनामा रु.२४,२८३ मा घटी अर्थात ०.६२ प्रतिशत कम कवोल गर्ने आबेदकको वोलपत्र स्वीकृत गरेको देखियो। यसरी नियमानुसार सूचना प्रकाशन नगर्नाले पर्याप्त प्रतिस्पर्धात्मक स्थिति सृजना नभएको अनियमित देखिएको रु.	३,८७०,८१५
२९.३			• उक्त खरिद कार्य व्यवस्थापनको लागि परामर्शदाताको नियुक्ती गरी लागत अनुमान तयार गरेकोमा लागत अनुमानको आधार स्पष्ट हुन आएन। • परामर्शदाताले प्राविधिक Specification अनुसार कार्य सम्पन्न भएको भनी नापी कितावमा हस्तलिखित गरी प्रमाणित गरेको देखियो। लागत अनुमान का बखत कुन आधारमा Specification तयार गरिएको तथा कार्यसम्पन्न पश्चात कसरी तुलना गरिएको हो खुलाएको देखिएन। • सम्झौता अनुसारको सामग्री आपूर्ति भएको नभएको सम्बन्धमा गुणस्तरीयताको परीक्षण समेत गरेको देखिएन। वारेन्टी पिरियड सम्बन्धमा प्रमाण पेश हुन आएन।	१९३,६००

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
			• व्यवसायीसँग भएको हो सम्झौताको बुँदा GCC ७१.२ मा सम्बन्धित कार्य पूरा गरेपश्चात् एज बिल्ट नक्सा कार्य सम्पन्न भएको ३० दिनभित्र पेश गर्नुपर्ने अन्यथा रकम रोक्का राख्ने व्यवस्था भएकोमा सम्झौताअनुसार पेश नगरेको अबस्थामा रकम रोक्का समेत राखेको नदेखिएको रु.	
२९.४			लागत अनुमान तयारीका बखत कन्टेन्जेन्सी खर्च वापत रु.१,०२,७६५ व्यवस्था गरेकोमा भुक्तानीको बखत रु.१०,२७,६५० कट्टी गरेकोले बढी कट्टी गरेको अनियमित देखिएको रु.	९२४,८८५
३०			**कन्टेन्जेन्सी खर्चको अभिलेख**	
३०.१			सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ। पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कट्टा गर्ने गरेको देखिए तापनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन। सो अनुसारको अभिलेख नराखी खर्च गर्नाले उद्देश्य अनुरुप खर्च भएको सम्बन्धमा बिश्वस्त हुने आधार देखिएन।	
३०.२	३९२	२०७९-३-२१	**प्रोत्साहन भत्ता :-** पालिकाले यसबर्ष सम्पूर्ण कर्मचारीहरुलाई अधिकृत स्तर २० प्रतिशत, सहायक १५ प्रतिशत र चौथो स्तर देखि कार्यालय सहयोगीसम्म १० प्रतिशतका दरले (करार स्थायी) प्रोत्साहन भत्ता बापत कार्यपालिका निर्णयानुसार उल्लेख गरी भुक्तानी गरेको देखियो। यसरी प्रोत्साहन भत्ता उपलब्ध गराउँदा प्रोत्साहन भत्ता सूचक, इलेक्ट्रोनिक हाजिरी, कार्यसम्पादन सुचक लगायतको प्रमाण संलग्न नगरी पुँजीगत शीर्षकबाट कट्टी गरिएको कन्टेन्जेन्सीवाट रु.१२,६५,३५५ को खर्च लेखेको देखियो। प्रोत्साहन भत्ता भुक्तानी गरेको सम्वन्धमा स्पष्ट सूचक सहितको प्रमाण राखेको देखिएन। साथै चालु तर्फको अन्य भत्ता शीर्षकमा रकम बिनियोजन गरी खर्च गर्नुपर्नेमा पुँजीगत तर्फको कन्टिजेन्सीबाट खर्च लेखिएकोले नियम संगत देखिएन।त्यस्तै भौचरसाथ सम्लग्न प्रोत्साहन भत्ता गणनाको सिट अनुसार रु.१२,६५,३५५ मात्र लेख्नुपर्नेमा रु.२०,४२,३४९ खर्च लेखेकोले बढी खर्च लेखेको रकम सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश हुनपर्ने रु.	७७६,९९४
३१			**५० प्रतिशत अनुदानमा स्प्रेयर खरिद तथा वितरण**	
३१.१			पालिकाले कृषकहरुलाई च्यापाकटर खरिद गरि ५० प्रतिशत अनुदानमा बितरण गरेको छ। यस अन्तर्गत देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन :-	
३१.२			सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा नियमावलीको नियम ९ को आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले स्प्रेयर वितरणको लागि ५० प्रतिशत अनुदानमा रु. २७,००,००० को कार्यक्रम स्वीकृत गरेकोमा लागत अनुमान तयार गरेको छैन।प्रस्ताव माग गर्दा रु.३,७०० प्रति इकाई दर उल्लेख भएकोमा कूल लागत अनुमान तयार भएको छैन। स्पेसिफिकेशन कुन निकायबाट तयार गरेको उल्लेख छैन। दरभाउपत्र मुल्याङ्कन समितिको निर्णयानुसार सामाग्री आपुर्तिपश्चात स्पेशिफीकेशन अनुसार प्राप्त भए नभएको सम्बन्धमा परिक्षण समेत गरेको देखिएन। वोलपत्र समितिको मिति २०७८।११।३० को निर्णयानुसार ढल्केवर सप्लायर्स को कूल रु.२६,९७,३०० को बोलपत्र स्वीकृत गरी ५० प्रतिशत रकम रु.१३,४८,६५० भुक्तानी गरेको देखियो। आपुर्ति गरेकोमा सामाग्री आपुर्तिपश्चात स्पेशिफीकेशन अनुसार प्राप्त भए नभएको सम्बन्धमा परिक्षण समेत गरेको देखिएन। खरिद वापत रु.१३,४८,६५० पालिकाले व्यहोरेको र २६२ थान बितरण गर्दा लाभग्राही छनौटको आधार देखिएन। केवल नागरिकताको फोटोकपी र वडाले सम्बन्धित ब्यक्तिलाई भुक्तानी गरिदिनु भन्ने निवेदनको आधारमा भुक्तानी गरेकोमा उक्त सामाग्री वास्तविक तथा आवश्यक भएको लाभग्राहिलाई न्यायोचित ढंगले वितरण गरेको, दोहोरो नपरेको भनि यकिन गर्ने आधार भएन।	
३१.३			सम्झौता बमोजिम सामाग्री उपलब्ध गराएपश्चात आपुर्तकको ५० प्रतिशत रकम लाभग्राहीबाट भुक्तानी गर्नुपर्नेमा प्रमाण संलग्न नभएकोले प्रमाण सम्लग्न गरेर मात्र खर्च लेख्नुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**ड्रेन निर्माण**	
३२.१			पालिकाले नगर क्षेत्रभित्र आँखा अस्पताल अगाडिको ड्रेन निर्माण कार्यको लागि लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट आपुर्तिकर्ता छनौट गरी खरिद कार्य गरेको छ सो अन्तर्गत देखिएका व्यवहारहरू निम्नानुसार रहेका छन्:-	
३२.२			सार्वजनिक खरिद नियमावली,२०६४ को नियम बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्नु पर्ने, उपदफा (२) मा उपदफा (१) बमोजिमको सूचना केन्द्रीयस्तरको सार्वजनिक निकायको हकमा सो निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईटमा राख्नु पर्नेछ र जिल्लास्तरीय सार्वजनिक निकायको हकमा त्यस्तोसूचना सो निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईटमा राख्न सकिने व्यवस्था रहेको छ । पालिकाले आँखा अस्पता देखि वसही खोलासम्म ड्रेन निर्माण कार्यको लागि रु.२९,१२,६२० रकमको मिति २०७८।११।१६ मा एक स्थानीय पत्रिकामा सूचना प्रकाशन गरेको पाइयो । प्रेश काउन्सिलको बर्गिकरण अनुसार उक्त पत्रिका ख वर्गको स्थानिय स्तरको पत्रिका भएको देखियो । वोलपत्र समितिको मिति २०७९।१।१९ को निर्णयानुसार अग्रता निर्माण सेवा धुनसा को रु.२९,०३,७५२ को बोलपत्र खरिद गरी भुक्तानी गरेको देखियो । पालिकाको वेभसाइटमा सुचना राखेको कार्यलयले जनाएता पनि वोलपत्रको तुलनामा रु.८,८८८ मा घटी अर्थात ०.३० प्रतिशत कम कवोल गर्ने आबेदकको वोलपत्र स्वीकृत गरेको देखियो । यसरी नियमानुसार खरिद कार्य गरेको नदेखिएको प्रतिस्पर्धात्मक वातावरणको स्थिति सृजना नभएको अनियमित देखिएको रु.	२,९०३,७५२
३३			**कम्प्युटर खरिद** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्नु पर्नेछ र अन्तर्राष्ट्रिय स्तरको बोलपत्रको हकमा अन्तर्राष्ट्रिय सञ्चार माध्यममा समेत प्रकाशन गर्न सकिने, उपदफा (२) मा उपदफा (१) बमोजिमको सूचना केन्द्रीयस्तरको सार्वजनिक निकायको हकमा सो निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईटमा राख्नु पर्नेछ र जिल्लास्तरीय सार्वजनिक निकायको हकमा त्यस्तोसूचना सो निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईटमा राख्न सकिने व्यवस्था रहेको छ । पालिकाले कार्यलयको लागि आबश्यक पर्ने उल्लेख गरी कम्पयुटर,प्रिन्टर खरिदको लागि कूल रु.२२ लाखको लागत अनुमान तयार गरी मिति २०७८।११।०९ मा सुचना स्थानीय स्तरको पत्रिकामा प्रकाशित गरेको पाइयो । वोलपत्र समितिको मिति २०७८।१२।१४ को निर्णयानुसार अन्य कुनै वोलपत्र दर्ता नभएको, S&P Softtech जनकपुरको रु.२१,६८,७६० को बोलपत्र खरिद नियमावली अनुसार उल्लेख गरी स्वीकृत गरी भुक्तानी गरेको देखियो । पालिकाको वेभसाइटमा सुचना राखेतापनी वोलपत्रको तुलनामा रु.३१,२४० घटी अर्थात १.४ प्रतिशत कम कवोल गर्ने आबेदकको वोलपत्र स्वीकृत गरेको देखियो । १८ थान प्रिन्टर तथा १४ थान कम्प्युटर टेवल २९ थान कम्प्युटरको आपुर्ति गरेकोमा सामाग्री आपुर्तिपश्चात स्पेशिफीकेशन अनुसार प्राप्त भए नभएको सम्बन्धमा परीक्षण समेत गरेको देखिएन । यसरी नियमानुसार खरिद नगरेको तथा स्पेशिफिकेशन समेत परीक्षण गरी कार्य गरेको नदेखिएको अनियमित देखिएको रु.	२,१६८,७६०
३४			**क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थिति** स्थानिय सरकार सञ्चालन ऐन,२०७४ अनुसार स्थानीय निकायले समयमा नै योजना सम्झौता गरी सम्पन्न गर्नुपर्दछ । यस आ.ब अन्तर्गत योजना छनौट गरी समयमै सम्झौता तथा सम्पन्न गर्नुपर्नेमा आ.व.२०७८।०७९ मा छनौट गरिएका योजना कति सम्पन्न भए, कतिको रनिङ बिल मात्र भुत्तानी भए, अद्यावधिक कार्य कति छ सो को अभिलेख पालिकाले राखेको छैन । पालिकाले भवन मर्मत, निर्माण, सडक निर्माण , सिचाई लगायतका योजनाहरु एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्बन्धित आर्थीक बर्षसम्म कुन अबस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले आगामि बर्षहरुमा पुन:क्रमागत बजेटमार्फत योजना बनाउँदा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भाबना देखिन्छ । परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढी परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम हुन्छ । पालिकाले तर्जुमा गरेको योजना कार्यान्वयन, सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको बिवरण अद्याबधिक राखी तथा यकिन गरी अभिलेख व्यबस्थापन गर्नुपर्दछ ।	
३५			**बिल भरपाई तथा खर्चको पुष्ट्याई**	४,२६८,७७६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाई पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सम्लग्न गरेर मात्र खर्च लेख्नुपर्ने अवस्था छ । पालिका पुँजीगत शीर्षकबाट निम्नानुसारको खर्च लेख्दा खर्चको पुष्ट्याई सम्लग्न नगरी खर्च लेखेको स्पष्ट हुनुपर्ने रु.	

भौ.नं. मिति	खर्चको प्रयोजन	रकम रु.	कैफियत
५-०७८।९।१८	आधारभुत स्वास्थ्य चौकी फर्निचर खरिद	७८७३१	हुमागाँई जनरल सप्लायर्सबाट बिभिन्न सामाग्रीहरु रु.९९,९३१ को खरिदमा रु.७८,७३१ फर्निचर खरिदको बिल सम्लग्न नभएको
६७-०७८।११।२३	मिथिला ब्याडमिन्ट क्लवको रंगरोगन तथा जेनेरेटर खरिद	२११९४०	लागत अनुमानमा रु.२,११,९४० जेनेरेटर खरिद को बिलसमेत संलग्न गरी खर्च लेखेको तर जिन्सी दाखिलाको प्रमाण नभएको
४५-०७८।११।१२	आधारभुत बिद्यालय कुसुम बिछौनालाई झ्याल ढोका निर्माण तथा कार्यसम्पन्न बापत भुक्तानी	४५१००५	सक्कल बिल भरपाई नभएको
५०-०७८।११।१३	वडा कार्यालय सामाग्री खरिद तथा हस्तान्तरण	९९८९२	वडामा हस्तान्तरण तथा वडाको दाखिला प्रतिवेदन सम्लग्न भएको तर मूल जिन्सी आम्दानिमा दाखिला नभएको
९६-०७८।१२।२१	वडा न ८ रामस्वार्थ महतोको जग्गामा स्यालो ट्युबेल जडान	१९९८८५	जडानको प्राविधिक प्रतिवेदन संलग्न नभएको
१४२-०७९।१।१४	बिनायक इन्फास्ट्रक्चरलाइ भुक्तानी	५७४५४२	श्रेस्ता संलग्न नभएको
१९३-०७८।१२।१६	म्याचिङ फण्डबापत सडक निर्माण कार्य	१७८३७९	लालवुति सडक मर्मत वापत रु २५४७८८ को लागत अनुमानमा कार्यालयवाट रु ५०९३० र सडक वोर्डबाट रु २२३०९ लागत सहभागीता हुनेगरी स्वीकृत कार्यक्रममा कार्यलयवाट पुरै रकम खर्च लेखेकोले रु १७८३७९ सडक बोर्डवाट सोधभर्ना हुनुपर्ने
१५५-०७९।	Cow mat खरिद तथा बितरण	४९७१४६	६१ थान खरिद गरि वितरण गरिएकोमा वितरणको आधार संलग्न नभएको
१८०-०७९।१।२५	वडा न ७ को डाँडामा पानीट्याँकी निर्माणको कार्य	५००००	जडानको प्राविधिक प्रतिवेदन संलग्न नभएको
२३८-०७९।३।२२	घम्सार टोलमा इनार निर्माण	१८५७००	स्रेस्ता संलग्न नभएको
२५८-०७९।३।०५	महादेव आधारभुत बिद्यालय खानेपानी संरचना निर्माण	५११३३	लागत अनुमान अनुसारको नापी रनिङ बिल र कार्यम्पन्न नभएको
२६९-०७९।३।१३	स्यालो ट्युवेल पम्पजडान वडा न ७	१९९६१५	खरिद बिल मात्र संलग्न लागत अनुमान अनुसारको नापी रनिङ बिल र कार्यम्पन्न नभएको

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३२१-०७९।३।२३</td><td>वडा न ९ सडक वत्ति जडान</td><td>९९९४७</td><td>,,</td></tr>
<tr><td>३३३-०७४।३।२५</td><td>सिसिटिभी जडान जनता माबि नक्टाझी वडा न २</td><td>४९२६८</td><td>,,</td></tr>
<tr><td>३६०-०७४।३।२५</td><td>अधुरो मन्दी वायरिङ</td><td>१५००००</td><td>विल भरपाइ नभएको</td></tr>
<tr><td>३६५-०७९।३।२५</td><td>विद्युतिय तार पोल ब्यबस्थापन वडा न १०</td><td>२९६३६२</td><td>,,</td></tr>
<tr><td>३८४-०७९।३।२५</td><td>लालमति टोलमा ट्यांकी निर्माण वडा न ३</td><td>३९६२३१</td><td>,,</td></tr>
<tr><td>३८७-०७९।३।२५</td><td>पानी तान्ने मोटर जडान वडा न ५</td><td>४९९०००</td><td>,,</td></tr>
<tr><td></td><td></td><td>४२६८७७६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>अन्य निकायको खर्च
कुनै पनि कार्यालयले खर्च लेख्दा आवश्यकता तथा औचित्यताको आधारमा खर्च लेख्नुपर्ने तथा सम्बन्धित कार्य प्रयोजनको लागि मात्र खर्च लेख्नुपर्दछ ।पालिकाले रकम खर्च लेख्दा सम्बन्धित निकायबाटै बजेट विनियोजन हुने कार्यक्षेत्रमा नपर्ने निकायमा समेत खर्च लेखेको अनियमित रु
<table>
<tr><td>भौ.नं./ मिति</td><td>निकाय</td><td>प्रयोजन</td><td>रकम रु.</td></tr>
<tr><td>७२।०७८।११।२९</td><td>इलाका प्रहरी कार्यालय वडा नं.१</td><td>सिसिटिभि जडान खर्च</td><td>४९७४४०</td></tr>
<tr><td>७५।०७८।१२।०१</td><td>ससस्त्र प्रहरी कार्यालय</td><td>रंगरोगन</td><td>५३७३८</td></tr>
<tr><td>१३०।०७९।१०।६</td><td>इलाका प्रहरी कार्यालय ढल्केवर</td><td>गाडी मर्मत</td><td>९९७१६</td></tr>
<tr><td>१५१।०७९।१।२२</td><td>मिथिला नगर पत्रकार संजाल</td><td>फर्निचर फिक्सचर्स</td><td>९९८५५</td></tr>
<tr><td></td><td></td><td></td><td>७५०७४९</td></tr>
</table>
</td><td>७५०,७४९</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>सोझै खरिद
सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, सेवा खरिद वा निर्माण कार्य, गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले वार्षिक खरीद योजना बनाई उपयुक्त कार्यमा प्याकेज बनाएर प्रतिस्प्रर्धा गराई खरीद गर्नुपर्नेमा सो नगरी</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लागत अनुमानको हाराहारीमा भुक्तानी दिने गरी टुक्रा-टुक्रामा प्याकेज बनाई कोटेशनबाट कार्य गराई निम्नानुसार रु.३२,३६,६४१ खर्च गरेको नियमसम्मत देखिएन। नियम कानूनमा व्यवस्था बमोजिम उस्तै प्रकृतिको धेरै योजनाको कामलाई उपयुक्त प्याकेज बनाई प्रतिस्पर्धात्मक माध्यमबाट गराउनुपर्ने देखिएको छ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>योजनाको नाम</th><th>निर्माण व्यवसायीको नाम</th><th>लागत अनुमान तथा सम्झौता रु.</th><th>कार्यसम्पन्न रु.</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>९१-०७८।१२।१४</td><td>पालिका भवन निर्माण</td><td>अडोर कन्सट्रक्सन मलंगवा १० सर्लाही</td><td>४९९९०२</td><td>४९५९३२</td><td>४९५९३२</td></tr>
<tr><td>२६२-०७९।३।०६</td><td>पिसीसी ढलान हेमन्त सिंहको घर नजिक वडा २</td><td>संकटमोचल कन्सट्रक्सन</td><td>२४९७४६</td><td>२४९७५१</td><td>२४९६७४</td></tr>
<tr><td>३१-०७९।३।२१</td><td>अधुरो मन्दिर निर्माण ५</td><td>अग्रता कन्सट्रक्सन</td><td>२९७७०६</td><td>२९६८९८</td><td>२९६८०९</td></tr>
<tr><td>३१६-०७९।३।२१</td><td>पोखरी सौन्दर्यीकरण</td><td></td><td>४९९५१६</td><td>४९८३३०</td><td>४९८३३०</td></tr>
<tr><td>३४१-०७९।३।२४</td><td>ट्रान्समीसन तथा पोल खरीद र जडान (ल.ई. आधार नभएको)</td><td></td><td>७९८२०९</td><td>७५१०६८</td><td>७५१०६८</td></tr>
<tr><td>३४५-०७९।३।२४</td><td>तार तथा विधुतिकरण खरिद तथा जडान बिल प्राप्तबाट ल.ई. आधार नभएको ल.ई. पेश</td><td>जयमाँ काली कन्सट्रक्सन</td><td>३९६२४४</td><td>३६८६६१</td><td>३८०४७१</td></tr>
<tr><td>३७५-०७९।३।२५</td><td>विधुतिय तार स्थापना</td><td>जयमाँ काली कन्सट्रक्सन धनुषा वडा नं. १०</td><td>२९७७९६</td><td>२९७७९६</td><td>२९६३६२</td></tr>
<tr><td>३९२-०७९।३।२५</td><td>वडा नं.६ अधुरो भवन निर्माण</td><td>वैदेही कन्सट्रक्सन जनकपुर</td><td>२९८०७६</td><td>२६७९९५</td><td>२६७९९५</td></tr>
<tr><td></td><td></td><td></td><td>३३३७१९५</td><td>३२२६४३१</td><td>३२३६६४१</td></tr>
</table></td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>घरभाडा
पालिकाले यो वर्ष घरभाडा शीर्षकमा रु.८,२०,०७९ खर्च लेखेकोमा लेखापरीक्षणको क्रममा घरभाडाको दर निर्धारणको तरिका र निर्णय पेश नभएकोले भुक्तानी भएको रकम यथार्थ हो भनी यकिन गर्न सकिएन। विगतदेखि नै घरभाडामा लिएपनि म्याद थप वा नयाँ सम्झौता नगरी भुक्तानी भएकोले घर भाडाको दर कायम गर्दा दर निर्धारण समितिबाट दररेट कायम गरेर मात्र सम्झौता गरी खर्च लेख्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>सवारी साधन तथा मेशिनरी औजार भाडा
पालिकाले आवश्यक परेको समयमा मात्र पटके रुपमा सवारी साधन भाडामा लिई यसबापत जम्मा रु.५,५३,२५० खर्च गरेको पाइयो। यसरी भाडामा लिदा सम्बन्धित सवारी साधनको भाडा दर कसरी कायम गरिएको हो र सवारी साधन छनौट कसरी गरिएको हो खुलासा गरिएको छैन। साथै के कामका लागि भाडामा लिइएको हो प्रयोजन पनि स्पष्ट छैन साथै सवारी प्रयोगको लगबुक पनि राखिएको छैन। सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ मा भएको व्यवस्था पालना गरेरमात्र यस्तो खर्च लेख्नु पर्दछ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०	२४८	२०७८-१०-२०	**कार्यसम्पन्न प्रतिवेदन** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०६४ को नियम ३९ को उपनियम ५ बमोजिम खर्चको बिल भरपाई यकिन गरेर मात्र खर्च लेख्नु पर्दछ। तर पालिकाले नेपाल विद्युत प्राधिकरणलाई वडा नं ११ मा पोलहरु स्थानान्तरण गराउन रु.३,००,००० भुक्तानी दिएकोमा सो कार्यलाई पुष्ट्याई गर्ने कागजात, नापी किताव, बिल र कार्यसम्पन्न प्रतिवेदन तथा कार्य सम्पन्न भएको फोटो वेगर भुक्तानी गरेको देखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.	३००,०००
४१			**कम्वल वितरण** स्थानीय विपद् व्यवस्थापन समितिको बैठक मिति २०७८।९।१५ गते बसेको वैठकको निर्णयानुसार नेपाल सरकार गृह मन्त्रालयले तयार गरेको हिमपात, शीतलहर, अत्यधिक चिसो लगायतका विपद जोखिम न्यूनीकरण सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको बुँदा नम्बर १० मा शितलहर हिमपात तथा अत्यधिक चिसोबाट बचाउन विपन्न नागरिकहरूलाई न्यानो कपडा वितरण गर्न आवश्यक तयारीको लागि नगरकार्यपालिकामा अनुरोध गर्ने निर्णय गरेकोमा नगर प्रमुख आफले नै स्वीकृत र खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरेको देखिन्छ। Technical specification र लागत अनुमान तयार नगरी बजेटलाई नै आधार मानेर बजेट रु.३३ लाखको कम्वल, झुल लगायतका कपडाहरु खरिद गर्ने सम्बन्धी सूचना एक स्थानीय पत्रिकामा प्रकाशन गरेको छ। प्राप्त भएको सामाग्रीहरु पनि आवश्यकता बमोजिम आपुर्ति भयो वा भएन Technical specification तयार नगरी खरिद गरेको तथा कुनै परीक्षण समेत नगरेकोले गुणस्तरीय र किफायती सामान आपुर्ति भएको देखिएन। यसरी स्थानीय पत्रिकामा सूचना प्रकाशन गरेको , लागत अनुमान तयार नगरेको , सामानको गुणस्तर परीक्षण नगरी भुक्तानी दिएकोले सार्वजनिक खरिद ऐन नियम विपरित कम्वल खरिद गरेको अनियमित देखिएको रु.	३,१२५,०००
४२			**कृषि चुन खरिद** सार्वजनिक खरिद ऐन, २०६३ तथा ऐ. नियमावली, २०६३ बमोजिम रु.५ लाख भन्दा बढी रकमको सामग्री खरिद गर्नुपर्दा सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। तर यस पालिकाले मिति २०७८।११।१२ मा गो.भौ.नं. ३०५ बाट रु.३,४९,५८०।- र गो.भौ.नं. ३०७ बाट रु. १४,९१,६००।- को कृषि चुन प्रतिस्पर्धा वेगर लागत अनुमान समेत तयार नगरी खरिद गरेकोले मितव्ययी भएको देखिएन। प्रचलित खरिद ऐन बमोजिम लागत अनुमान तयार गरी सार्वजनिक खरिद कार्यलाई खुला, पारदर्शी, प्रतिस्पर्धात्मक र मितव्ययी हुनेगरी खरिद व्यवस्थापन गर्नुपर्दछ। साथै कृषि चुन प्राप्त भएपश्चात सोको गुणस्तर परीक्षण गरी लाभग्राहीलाई पक्षपात रहित तवरले वितरण गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ।	
४३	२४७	२०७८-१०-२०	**विमा गरेको प्रमाण** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०६४ को नियम ३९ को उपनियम ५ बमोजि खर्चको बिल भरपाई यकिन गरेर मात्र खर्च लेख्नु पर्दछ। पालिकामा रहेका विभिन्न सवारी साधनहरुको विमा गरे बापत NECO Insurance Co. लाई भुक्तानी दिएकोमा सो खर्चलाई पुष्ट्याई गर्ने बिमाको कागजात तथा कर विजक वेगर भुक्तानी भएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु	३७६,२९७
४४			**नापी किताब प्रविष्टी एवं अभिलेख** निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न.१७१ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ। पालिकाले तयार गरेको नापी किताबमा उक्त व्यहोरा उल्लेख नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ। पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो। तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग-अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ विलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भाबना रहेन देखिन्छ। कुनै योजनाहरुमा विभिन्न निकायबाट बजेट विनियोजन तथा खर्च भएकोले ओभरल्याप हुने जोखिम देखियो। क्रमागत तथा बहुबर्षीय योजना कार्यक्रमको लागि गत विगतसम्म के कति भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताव स्रेस्तासाथ मात्र नराखी अभिलेख ब्यबस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>स्थलगत निरीक्षण
पालिकाले यसवर्ष अधिकांश निर्माण कार्य उपभोक्ता समितबाट गराएको छ। यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ। सो अनुसार पालिकाले योजनाहरु वडा अध्यक्षबाट निर्माणको सिफारिस भएपश्चात तथा पालिकाको उपप्रमुखको संयोजकत्वमा अनुगमन गरी सम्पन्न निर्माण कार्यको भुक्तानीका लागि सिफारिस गर्ने गरेको छ। अनुगमन पश्चात दिएको योजनाको प्रतिवेदनमा योजनाको कार्यान्वयनको पुष्टयाई गर्ने तस्वीर, अनुगमनका क्रममा देखिने त्रुटी लगायको कुराहरु उल्लेख भएको देखिएन। उपरोक्त विवरणहरु नदेखिनाले वास्तविक लागत अनुमान तथा उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन तथा सम्पन्न भएको तथा अनुगमन वास्तविक भन्दा प्रकृयामूखी मात्र भएको छैन भन्न सकिएन। भौतिक पुर्वाधार तर्फका योजनाहरुको मात्र केही संख्यामा अनुगमन प्रतिवेदन भएकोले पालिका स्तरबाट हुने सम्पूर्ण तालिम कार्यक्रम, वितरणमुखी कार्यक्रम तथा क्षमता विकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी स्रोत साधनको सदुपयोग सम्बन्धमा विश्लेशण गर्नुपर्दछ। ऐन कानूनले व्यवस्था गरे अनुसार कामको गुणस्तर कायम भए नभएको सम्बन्धमा प्राविधिक एवं अनुगमन कार्यलाई जिम्मेवार बनाई निर्माण तथा अन्य कार्यको गुणस्तर कायम हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>अधुरो योजना
पालिकाले न्युन बजेट विनियोजन गरी उपभोक्ता समितिमार्फत भौतिक संरचनाहरू निर्माण गर्दा अधुरो हुनेगरी कार्य गरेको तथा अद्यावधिक परिमाणमा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखियो। अधुरो योजनाहरुको निर्माण कार्य पुरा गर्न धेरै बर्ष लाग्ने तथा वार्षिक रूपमा बजेट विनियोजन को सुनिश्चितता समेत नहुने देखिन्छ। योजना छनौट गर्दा पर्याप्त बजेट तथा सम्पन्न हुने हिसावले गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।नमुना छनौट गरी परीक्षण गर्दा आशिक रुपमामात्र कार्य हुने गरी लागत अनुमानको तयारी भएका यसवर्षका अधुरो योजनाहरु यस प्रकार रहेका छन।
<table>
<tr><th>भौ.नं./मिति</th><th>योजनाको नाम</th><th>वडा</th><th>लागत अनुमान रु.</th><th>कार्यसम्पन्न रु.</th><th>कैफियत</th></tr>
<tr><td>११४।०७९।१।५</td><td>कृष्ण मन्दिर निर्माण कुसुमबिछौना</td><td>८</td><td>४५००००</td><td>४३२७०६</td><td>डिपिसी सम्मको कार्य गरी पिल्लर उठाइ राखेको</td></tr>
<tr><td>१३९।०७९।१।१४</td><td>सामुदायिक भवन निर्माण</td><td>११</td><td>२२१४२४</td><td>२२०४३</td><td>,,</td></tr>
<tr><td>१९६।०७९।२१४</td><td>रामजानकी मन्दिर निर्माण</td><td>३</td><td>६६२६३८६</td><td>६५९४८४</td><td>पिल्लर उठाइ ढलान मात्र गरेको</td></tr>
<tr><td>३८३।०७९।३।२५</td><td>सामुदायिक भवन निर्माण</td><td>५</td><td>८८८९८७</td><td>८७८०४७</td><td>जग पिल्लर र ढलान मात्र गरेको</td></tr>
<tr><td>३८४।०७९।३।२५</td><td>लालमति मगर टोलमा टंयाकी निर्माण</td><td>३</td><td></td><td>४४०२९०</td><td>गारो तथा ढलान मात्र गरेको</td></tr>
</table></td><td></td></tr>
<tr><td>४७</td><td>३५५</td><td>२०७९ -३-२५</td><td>आनुपातिक कट्टी
सार्वजनिक खरिद नियमावली,२०६४ को को नियम ९७ (४) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ। पालिकाले वडा नं. ५ मा डिप वोरिङ निर्माण कार्यको लागि उपभोक्ता समितिलाई रु.१०,०२,४०७ को लागत अनुमानमा रु.८,७३,००० व्यहोर्ने गरी सम्झौता भएकोमा रु.७,६१,९६१ अनुसार आनुपातिक कट्टी गरी रु.६,६३,५९३ भुक्तानी गर्नुपर्नेमा रु.८,७३,००० भुक्तानी गरेकोले वढी भुक्तानी रु.२,०९,४०७ नियमानुसार असुल गर्नुपर्ने रु.</td><td>२०९,४०७</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>विनियोजित नभएको योजनामा खर्च
स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ३ अनुसार पालिकाले नगरसभा वाट स्वीकृति सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न पाउने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारको योजना अन्तर्गत खर्च लेख्दा कार्यपालिकाको विभिन्न मितिको निर्णय संलग्न गरी शीर्षक फरक पारी विनियोजित बजेटभन्दा बाहिर गई खर्च लेखेको पाइयो। यसरी स्वीकृत नभएको बजेट तथा कार्यक्रम सञ्चालन गरी खर्च लेखेको अनियमित देखिएको रु.</td><td>१,११८,३०८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम

गो.भौ.नं./मिति	योजनाको नाम	लागत अनुमान रु.	कार्यसम्पन्न रु.	भुक्तानी रु.	कैफियत
३२०- ०७९।३।२२	शितह गुम्बा घेराकरा ५	२२२३३३	२१०३१३	१८९२८२	विपन्न समुदायको फर्निचर वाट भुक्तानी
३५१- ०७९।६।२४	विश्वनाथ आ.वि. पर्खाल निर्माण १	४४३८०६	४३९०२३	३९९०२६	मर्मत सम्भार कोषवाट खर्च लेखेको
३८०- ०७९।३।२५	अधुरो मदरसा निर्माण वडा नं.३	१६८४९५	१६५४५०	१५००००	विभिन्न समुदायको फर्निचर वाट खर्च लेखेको
३८२- ०७९।३।२५	वडा कार्यालयमा साउण्ड सिस्टम खरिद वडा नं.१			८००००	विभिन्न समुदायको फर्निचर वाट खर्च लेखेको
३९६-०७९।३।२५	कविर सत्संग देवाल निर्माण वडा नं.६	३३३८०२	३३५५२६	३०००००	विभिन्न समुदायको फर्निचर वाट खर्च लेखेको
		११६८४३६	११५०३१२	१११८३०८	

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
४९			**हेभी मेसीनको प्रयोग** सर्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा श्रममुलक कार्य गराउनुपर्दछ। पालिकाले सडक कालोपत्रे, डिप वोरिङ लगायतका कार्यहरुमा हेभी मेसिनको प्रयोग गराई कार्य गरेको छ। उक्त प्रयोजनको लागि निर्माण व्यवसाय अन्तर्गत दर्ता भएका ब्यवसायीलाई हेभी उपकरणको बिल रकमको भुक्तानी दिएको छ। सार्वजनिक खरिद नियमावलीको मर्म र भावना अनुरुप स्थानीय स्तरमा रोजगारी सृजना गराई आयआर्जनमा बृद्धि गराउने लक्ष्य अनुरुपको कार्य भएको देखिएन साथै निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्य हुने स्थानमा हेभी उपकरणको प्रयोग गर्नुपर्ने प्राविधिक प्रतिवेदन सम्लग्न भएको पाइएन।	
५०			**उपभोक्ता समिति छनौट** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभगा्रही समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर पालिकाले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक सम्झौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन। यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन। यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असरपर्ने हुँदा उपभोक्ता समिति वा लाभगा्रही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ।	
५१			**योजना र कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। सो अनुसार दीर्घकालन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाइएन।	
५२			**उपभोक्ता समितिबाट जटिल कार्य**	२१,१६८,८०४

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) अनुसार श्रममूलक प्रकृतिको काम र उपनियम १० बमोजिम उपभोक्ताले लिएको काम आफैले सम्पन्न गर्नुपर्ने र निर्माण व्यवसायी प्रयोग गर्न नहुने उल्लेख छ । नमूना छनौट गरी परीक्षण गर्दा निम्नानुसारका योजनामा उपभोक्ता समितिको योगदान देखिने न्युन रकमको बिल भरपाई संलग्न गरी निर्माण व्यवसायीबाट काम गराई उपभोक्ता समितिको नाममा बिजक जारी गरेको र उपभोक्ता समितिले पनि सोही बिजक लगायतका बिल भरपाई पेश गरी पालिकाबाट रकम भुक्तानी गरेको देखियो ।उपभोक्ता समितिबाट कार्य गरेको उल्लेख गरे तापनि उपभोक्ता समितिले पेश गरेको बिलबिजक तथा कागजात परीक्षण गर्दा निर्माण व्यवसायीबाट नै कार्य गरेको पाइएकोले त्यस्तो कार्य गर्दा निर्माणको सम्भावित प्याकेज तयार गरी प्रतिस्पर्धात्मक तवरले गराउनु पर्ने देखिन्छ । नियमकानून अनुसार प्रतिस्पर्धात्मक तवरवाट मितव्ययी ढङ्गले खरिद नगरी लागत अनुमानमा नै निर्माण व्यसायीबाट कार्य गराई उपभोक्ता समितिलाई श्रमयोगदानमूलक नहुने तथा जटील कार्यको भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.	

गो.भौ.नं./ मिति	कार्य	वडा	लागत अनुमान	कार्यसम्पन्न रु.	निर्माण व्यवसायिको बिल रु.	कैफियत
१७६।०७९।१।२५	डिप ट्युवेल निर्माण	२	११०३१८७	११०९९७	९९६४७२	उपभोक्ता समितिको रु,१,२१,०१६ को डोरहाजिरिमात्र संलग्न भएको तथ वेलकम सप्लायर्सवाट मेसिनवाट कार्य गराएको रु.९,९६,४७२ को विल संलग्न भएको र लागत अनुमानको दर बिश्लेषण समेत नभएको
१०८-०७९।२।२४	पुरानो वोरिङ संचालन	८	७७०२७२	७७७२६२	६७९०००	सन साई ट्रेडर्सको रु.५,९७,६६८ को खरीद बिल, मिथिला ड्रिलिङ कन्सट्रक्सनको रु.१,६३,७००+२१,२८१ को भ्याट बिल र कामको ज्यालाको विल सलंग्न रु.१,२०,००० को डोरहाजरी रु.४५,४८२ को स्वस्तीका सप्लायर्सको पाईप खरीद विल सलंग्न जम्मा रु.७,७०,००० को कार्यसम्पन्न संलग्न
३४७- ०७९।३।२४	माथिल्लो डाडामा डिप वोरिङ निर्माण	९	लेवरको विधुतपार्टको विल प्राप्त वाट रु.९,२२,८०२ र पाईप र लेवरको कार्यालयवाट रु.६,४१,८५१ को गरी रु. १५,६४,६५६	मुल्याङ्कन विल प्राप्त वाट रु.९,१८,२८२ को कार्यालयवाट रु.६,२१,२९६ को मुल्याङ्कन	१३६१५२१२	सन साई ट्रेडर्सको रु.५,५८,७२६ को समान + डिलिङ कम्पनीको र पम्प समानको रु.७३,७५०+ मनिस सप्लायर्स रु.९,०४० + समान खरीद रु.८,३९,६४१ कालिकामाई सप्लायर्स + डोरहाजरी रु.९०,९०० = रु.१५,७२,०५७ विल सलंग्न एकमुष्ट विधुतको पाटोको रु.९,१८,२८२ कोवर्क कम्पलिसन प्रतिवेदन समेत नभएको

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

३५५-०७९।३।२५	डिप वोरिङ	५	९९१०२९	७६१९६०	८७३०००	सन साई ट्रेडर्सको रु.५,००,२८७ + ज्वाला ड्रिलिङ कन्ट्रक्सन रु.३,०४,९३३ + डोरहाजरी रु.५४,००० सलंग्न
३६८- ०७९।३।२५	डिप वोरिङ	४	८८९७१८	८८९६३२	८०००००	ज्वाला ड्रिलिङ महोतरीको रु.३,५३,७१२ को खन्ने लगायत विल सलंग्न, सन साई ट्रेडर्सको रु. ५९०९६१ को समान विल + रु.४९,५०० को डोरहाजरी
३७०- ०७९।३।२५	डिप वोरिङ	८	८८९७१८	८९७५१९	८०००००	ज्वाला ड्रिलिङ महोतरीको रु.३,५९,०६४ को खन्ने कार्यको विल, सनसाई ट्रेडर्सको रु.५,९३,८९४ को विल डोरहाजरी रु.४९,५०० लागत अनुमानको आधार समेत नभएको
३७१- ०७९।३।२५	डिप वोरिङ	७	८८३२६७	८६००५७	८०००००	ज्वाला ड्रिलिङ महोतरीको रु.३,५८,४५० खन्ने कार्यको विल + सन साई ट्रेडर्सको रु.५,५६,१६५ को समान विल + डोरहाजरी रु.४९,५०० लागत अनुमानको आधार नभएको
३८९- ०७९।३।२५		१	१९२०८९७	१७२३०५२	१७०५१२०	विल प्राप्त महेन्द्रनगरवाट ल.ई. र नापी बनेको तुलसी कन्ट्रक्सनको रु.१२,४०,२०३ + क्षीरेश्वर कन्ट्रक्सनको रु.३,६६,६६२ को पोलको विल सलंग्न + उपभोकत्ताको रु.४,१२,८०० विल सलंग्न एकीकृत कार्यसम्पपन प्रतिवेदन समेत नभएको विधुत प्राधिकरणको लागत अनुमान नभएको
३१।०७८।११।१२	बिद्युतिकरण कार्य वडा न	१	९६९१३३	९७४५६४	९०००००	बिधूत प्राधिकरण वितरण केन्द्रबाट लागत अनुमान तयार गरी नापजाँच गरी विवरण संलग्न भएको योगदान शून्य रहेको
					२११६८८०४	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>

निर्माण कार्यको समय र गुणस्तर

सार्वजनिक निकायले कुनै पनि निर्माण कार्य गर्दा सो पुरा गर्न लाग्ने अवधि, गुणस्तरियता लगायतको बिचार गरी निर्माण समयाबधी कायम गर्नुपर्दछ। निम्नानुसार उपभोक्ता समितिहरुसँग सम्झौता गरी निर्माण कार्य गर्दा सिमेन्ट कंकृटिङ, भवन निर्माण लगायतमा न्युन अवधिभित्र सम्पन्न गर्नेगरी सम्झौता गरेको तथा सोही अवधिभित्र उपभोक्ता समितिले सम्पन्न गरेको देखियो। फाउण्डेन देखि ढलानसम्मको कार्य ५५ दिनको अबधिमै पुरा गरेको समेत देखियो। ढिलो सम्झौता गरी हतारमा काम गराउने परिपाटीले जसवाट स्पेशिफिकेशन तथा गुणस्तर अनुसार कार्यसम्पन्न भयो भनि यकिन गर्न आधार भएन। गुणस्तरियता कायम हुनेगरी निर्माण कार्य गराउनु पर्दछ।

<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>योजनाको नाम</th><th>लागत अनुमान रु.</th><th>कार्यसम्पन्न रु.</th><th>भुक्तानी रु.</th><th>सम्झौता मिति</th><th>सम्पन्न मिति</th><th>कैफियत</th></tr>
<tr><td>२८९- ०७९।३।१६</td><td>अधुरो हिडिबा मन्दिर वडा नं.१</td><td>५५१८८५</td><td>५४९७९९</td><td>४७७०१९</td><td>०७८।१०।२५</td><td>०७८।२।२५</td><td>गाटो झ्याल ढोका रंगरोगन</td></tr>
<tr><td>२८२-०७९।३।१७</td><td>हिडिवार मन्दिर वडा नं.५</td><td>५५५९५२</td><td>५४९६८२</td><td>४७७४३०</td><td>०७८।११।२२</td><td>०७९।२।१०</td><td>फाउण्डेसन देखि ढलान रंगरोगन</td></tr>
<tr><td>३००- ०७९।३।१९</td><td>अधुरो विषहरा मन्दिर वडा नं.१</td><td>५५१४४४</td><td>५३८००५</td><td>४६६२६१</td><td>०७८।१२।२४</td><td>०७९।२।१०</td><td>वाल ढलान प्लासटर लगायतको कार्य</td></tr>
<tr><td>३२३- ०७९।३।२३</td><td>विधालय नक्सा निर्माण वडा नं.५</td><td>५५१४२६</td><td>४९७०३०</td><td>४४८०४७</td><td>०७८।१०।१८</td><td>०७८।१२।१५</td><td>ढलान पिलर गारो रंगरोगन कार्य</td></tr>
<tr><td>३४२- ०७९।३।२४</td><td>धर्मशाला निर्माण कुसुम विछैना वडा नं.८</td><td>११११९६०</td><td>११०४५५७</td><td>१००००००</td><td>०७८।१२।०१</td><td>०७९।२।१०</td><td>जग देखि ढलान प्लाष्टर</td></tr>
<tr><td>३७३- ०७९।३।१५</td><td>हिडिवार मन्दिर वडा नं.८</td><td>५५३१६५</td><td>५४४६४१</td><td>४९५१२८</td><td>०७९।१।३०</td><td>०७९।३।१५</td><td>जग ढलान गारो रंगरोगन</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>

उपभोक्ता समितिबाट कालोपत्रे कार्य

</td><td></td></tr>
<tr><td>५४.१</td><td></td><td></td><td>सार्वजनिक खरीद नियमावली,२०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नसकिने, उपनियम (९) को प्रतिबन्धात्मक वाक्यांश विपरीत हेभी मेशिन प्रयोग गरेको पाईएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरिने र उपनियम (१०) उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन नसकिने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसार सडक कालोपत्रे कार्य गर्दा निर्माण ब्यवसायीबाट प्रतिस्पर्धात्मक तवरले दक्ष रुपमा गराउनुपर्नेमा उपभोक्ता समितिबाट निर्माण व्यवसायीको विल संलग्न गरी भुक्तानी गरेको छ। कालोपत्रे गर्ने कार्य</td><td>१२,५००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>जटिल प्रकृतिको, हेभी मेसिन प्रयोग गर्नुपर्ने, त्रुटी सच्याउने अवधि, विमा, गुणस्तर परीक्षण लगायतको कार्य गर्नुपर्ने भएको तथा कालोपत्रे गर्ने कार्य श्रममूलक नभएकोले सार्वजनिक खरिद नियमावलीको मर्मविपरित प्राविधिकको सिफारिस वेगर निर्माण कार्य गराएको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>खर्च शीर्षक</th><th>भौ.नं.</th><th>योजनाको नाम</th><th>लागत अनुमान रु.</th><th>कार्यसम्पन्न रु.</th><th>भुक्तानी रु</th><th>कैफियत</th></tr>
<tr><td>पालिका पुँजीगत</td><td>४०५-०७९।३।२६</td><td>राम किसुनको घरदेखी रुपलाल टोलसम्म सडक निर्माण</td><td>१५४४८५०१</td><td>१५४४८५०</td><td>८५०००००</td><td>एम एस एस जेनेरल सप्लायर्सको रु.९५,७९,८१३ को ग्राबेल र वेसको विल, आयुस निर्माण सेवाको रु.३४,९८,२८४ आस्फाल्ट र रु.१५,३५,४७५ प्राइमकोट को विल र उपभोक्ता समितिको रु.८,००,००० को विल संलग्न गरी खर्च लेखेको</td></tr>
<tr><td>संघिय पुँजीगत</td><td></td><td>ढल्केवर रिडरोड मिथिला वडा नं.७</td><td>७१६१७८७</td><td>७१२०७०४</td><td>४००००००</td><td>जि एण्ड जी औभरसिज को रु.१९,९९,०१५ को विटुमिनको विल,आर आर जे कन्सट्रक्सन को रु.१५,०७,९८५ ग्राभेलको विल र रु.१६,६०,७८३ को वेसको विल तथा उपभोक्ताको डोर हाजिरी रु.२१,७६,९०० को विल संलग्न गरी खर्च लेखेको</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>१२५०००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४.२</td><td></td><td></td><td>उपरोक्त अनुसार लागत अनुमान तयार गर्दा दर बिश्लेषण संलग्न नभएको, प्राइमकोट ट्याककोटको Calculation नदेखिएकोले उक्त प्रमाण पेश हुनपर्दछ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>नर्म्स अनुसारको बिल भरपाई
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। प्रदेश सशर्त मिथिला न.पा. २ मा अधुरो ढलान निर्माण शीर्षक अन्तर्गत पालिकाले योजनाको अन्तिम विल भुक्तानी गर्दा सम्बन्धित उपभोक्ता समितिले PCC1:2:4 को कार्य गर्दा रु.१८९.६१ घनमिटरमा नर्म्स अनुसार १२१३ बोरा लाग्ने देखिएकोमा १००० बोरा सिमेन्टको विलमात्र संलग्न गरी खर्च लेखेको देखियो। वास्तविक लाग्ने भन्दा कम सिमेन्ट प्रयोग गरेको देखिएकोले गुणस्तरियता कायम समेत नहुने देखिन्छ। तसर्थ नर्म्स अनुसार खरिद गरेको नदेखिएकोले २१३ बोरा सिमेन्ट बापत भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td>१४१,२१९</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>सडक बोर्डमा फिर्ता</td><td>८२८,३५२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
पालिकाले सडक वोर्ड अन्तर्गत विनियोजित रकमबाट खर्च लेख्दा १० प्रतिशत जनश्रमदान, २० प्रतिशत पालिकाको लागत सहभागिता तथा ४० प्रतिशत सडक वोर्डको लागत सहभागिता हुनेगरी लागत अनुमान तयार गरेको छ । यसरी लागत अनुमान उपभोक्ता समितिसंग सम्झौता गरी भुक्तानी गर्दा पालिकाको लागत साझेदारी समेतको रकम सडक वोर्डवाट भुक्तानी गरेको देखियो । तसर्थ लागत साझेदारी वापतको रकम सडक वोर्डमा फिर्ता गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>योजनाको नाम</th><th>लागत अनुमान रु.</th><th>पालिकावाट हुनपर्ने योगदान रु.</th></tr>
<tr><td>२।०७८।११।१२</td><td>सडक स्तरोन्नती वडा न ४</td><td>३३६७१२९</td><td>६९३७६०</td></tr>
<tr><td>३।०७८।१२।१३</td><td>सडक ग्राभेल वडा २</td><td>६७२२९६</td><td>१३४५९२</td></tr>
<tr><td></td><td></td><td></td><td>८२८३५२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>
बढी बिल भरपाई संलग्न गरेको
उपभोक्ता समितिहरुले योजना सम्पन्न पश्चात पेश गरेको बिल भरपाई परीक्षण गर्दा लागत अनुमान तथा नर्म्स अनुसार लाग्ने भन्दा बढी सामग्रीको अस्वभाविक रुपमा बढी बिल भरपाई समेत पेश गरेको देखियो । उपरोक्त बिल भरपाईहरूको पालिकाको कार्यालयबाट परीक्षण समेत भएको देखिएन । योजनाहरूको गुणस्तर परीक्षण समेत नगरिएको तथा वास्तविक बिल भरपाई यकिन समेत नगरी भुक्तानी गर्नाले उपभोक्ताबाट गुणस्तरीय कार्य भएको छ भने विश्वस्त हुने आधार देखिएन।नापजाँच अनुसारको वास्तविक बिल भरपाई पेश नगर्नाले निर्माण कार्य गुणस्तरीय छ भनि यकिन गर्ने आधार गरिए भएन । नमुना छनोट गरी परीक्षण गर्दा निम्नानुसारको योजनाहरुमा अस्वभाविक रुपमा पेश गर्नुपर्ने भन्दा बढी बिल भर्पाइ संलग्न भएको देखियो । प्रयोग भएका सामग्री तथा कार्यहरुमा लाग्ने वास्तविक बिल भरपाई संलग्न गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।
<table>
<tr><th>गो.भौ.नं./ मिति</th><th>योजना</th><th>परिमाण</th><th>सिमेन्ट</th><th>विल रु.</th><th>वढी परीमाण</th><th>दर रु.</th><th>बढी समाबेश बिल रु.</th></tr>
<tr><td>६२-०७८।११।२६</td><td>अधुरो ढलान निर्माण वडा नं. ९ (१:२:४)</td><td>४०.९२</td><td>१८०.००</td><td>३५५.००</td><td>१७५.००</td><td>५६३.००</td><td>९८५२५.००</td></tr>
<tr><td>७८-०७८।१२।१०</td><td>मसलिम टोलमा सडक ढलान (P.C.C. १:२:४)</td><td>१४६.१०</td><td>९३५.००</td><td>१३४०.००</td><td>२१६.००</td><td>६२१.००</td><td>१३४१३६.००</td></tr>
<tr><td>८०-०७८।१२।३०</td><td>अधुरो कलमगि P.C.C. (१:२:४)</td><td>१०६.५७</td><td>६८२.००</td><td>८०५.००</td><td>१२३.००</td><td>७११.००</td><td>८७४५३.००</td></tr>
<tr><td rowspan="2">८२-०७८।१२।१०</td><td>पक्की ढलान कृषि सडक वडा नं. ११ (१:३:४)</td><td>४२.४२</td><td>१८५.००</td><td>३००.००</td><td>११५.००</td><td>६४५.००</td><td>७४१७५.००</td></tr>
<tr><td>छड</td><td>१४०८.००</td><td></td><td>२१००.००</td><td>६१२.००</td><td>१०४.५२</td><td>६३९६६.००</td></tr>
<tr><td>१४५-०७८।०१।१४</td><td>सडक ढलान जनक एकेडेमी देखि पुर्व</td><td>छड</td><td>४७६३.००</td><td>६१००.००</td><td>१३३७.००</td><td>११८.००</td><td>१५७७६६.००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>P.C.C. १:३:६, १:२:४</td><td>१२१.६२, ५७.२३</td><td>१०२९.००</td><td>११६६.००</td><td>१३७.००</td><td>७१७.००</td><td>९८२२९.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>
लागत अनुमान तथा दर बिश्लेषण
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यवस्था रहको छ। पालिकाले सञ्चालन भएका योजनाहरुको लागि आफ्नै छुट्टै नर्म्स नभएकोले स्थानिय पुर्वाधार तथा बिकास बिभाग, भवन बिभागको नर्म्स प्रयोग भएको जनाएको छ। केही योजनाहरुमा एक भन्दा बढी निकायको नर्म्स लागि लागत अनुमान तयार गरेको देखियो। सडक भवन लगायतको संरचना निर्माणको लागि पालिकाले स्थानिय स्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत विश्लेशण गरी किफायति नर्म्सको प्रयोग गर्नुपर्दछ।
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>
बोरीङ निर्माण
सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८ मा खरिदको सम्भावित प्याकेज, खरिद विधि लगायतका व्यहोरा खुलाई वार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२५ लाखसम्म सिलवन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। पालिकाले वोरिङ निर्माण कार्यको लागि विभिन्न स-साना योजनालाई एउटै प्याकेज बनाई प्रतिस्पर्धा विधि अपनाई गराउन सकिनेमा ३ वटा कोटेशन सम्लग्न गरी खरिद लागत अनुमानको दर बिश्लेशण समेत नगरी टुक्रा-टुक्रामा खरिद गरी काम गराएको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.नं. / मिति</th><th>योजनाको नाम</th><th>लागत अनुमान रु.</th><th>स्वीकृत तथा भुक्तानी रु.</th><th>घटी रकम रु.</th><th>निर्माण ब्यवसायीको नाम</th></tr>
<tr><td>१०६।०७८।१२।३०</td><td>वडा नं.८ सानो वोरिङ निर्माण</td><td>८७८०५४</td><td>८७८९०३</td><td>१४९</td><td>ज्वाला ड्रिलिङ एणंड सप्लायर्स, महोत्तरी</td></tr>
<tr><td>१७१।०७९।२।२३</td><td>वडा नं.८ वोरिङ निर्माण</td><td>८७८०५४</td><td>८७६७३८</td><td>१३१४</td><td>वाग्मति ड्रिलिङ एण्ड निर्माण सेवा, सर्लाही</td></tr>
<tr><td>२६७।०७९।३।८</td><td>सानो बोरिङ वडा नं.६</td><td>८७८०५४</td><td>८७७३८८</td><td>६७४</td><td>मिरा ड्रिलिङ एण्ड पाइलिङ,बागमती पालिका,सर्लाही</td></tr>
<tr><td>२६९।०७९।३।१६</td><td>स्यालो ट्यूवेल वडा नं.६</td><td>२०८८१३</td><td>१९९६१४</td><td>९१९९</td><td>सौरभ इन्टरप्राइजेज, सर्लाही</td></tr>
<tr><td></td><td></td><td></td><td>२८३२६४३</td><td></td><td></td></tr>
</table>
</td><td>२,८३२,६४३</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>स्वास्थ्य चौकी भवन निर्माण</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
६०.१			पालिकाले वडा नं. 3 मा रहेको अधुरो स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागि रु.१५,०३,७०६ को लागत अनुमान तयार गरी सिलवन्दी दरभाउपत्र बमोजिम प्रस्ताव आब्हान गरेकोमा मिति २०७८।९।१७ को वोलपत्र मूल्याङ्कन समितिको निर्णयानुसार लागत अनुमानको तुलनामा ४१ प्रतिशत घटी बोलपत्र पेश गर्ने वैदेही कन्सट्रक्सनलाई छनौट गरेको । सामान्य कागजात नपुगेको उल्लेख गरी केही समयपश्चात् उपलब्ध गराउने सम्बन्धित निर्माण व्यवसायीको पत्र सम्लग्न भएकोमा थप कागजात पेश नगरेको कारणले पालिकाले दोश्रो घटी प्रस्ताव पेश गर्ने गणेश खुस्वु निर्माण सेवालाई छनौट गरी निर्माण कार्य गराएको छ । पहिलो कम कबोल गर्ने निर्माण व्यवसायीबाट कार्य नगराउने सम्बन्धमा निर्णय पेश हुन आएन ।	
६०.२			सबै भन्दा घटी रकम कबोल गर्ने निर्माण व्यवसायी वैदेही कन्सट्रक्सनको बोलपत्र जमानत रकम रु.४,५०,००० जफत गरेको पालिकाले जनाएकोमा नियमानुसार कालो सुचिमा राख्नको लागी सार्बजनिक खरिद अनुगमन पालिकालाइ पत्र लेखेको प्रमाण हुन आएन ।	
६०.३			लागत अनुमानको तुलनामा ३७ प्रतिशत घटी रु.९,३५,८०७ मा मिति २०७९।३।२० सम्म कार्यसम्पन्न गर्नेगरी सम्झौता भएको गणेश निर्माण सेवाले मिति २०७९।३।२० मा रु.६,१०,६०९ को प्रथम रनिङ्ग विल पेश गरेको र सो पश्चात पालिकाले म्याद थप समेत नगरेको र थप कार्य समेत भएको नदेखिएकोले उक्त ठेक्का फरफारक गर्नुपर्ने देखिन्छ ।	
६१			**सामाजिक सुरक्षा**	
६१.१			**भत्ता वितरण**: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक बर्षको अन्त्यमा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सामाजिक सुरक्षा भत्ता वडा नं.१ देखि ११ सम्मको लागि विभिन्न ६ वैंकहरुमार्फत भत्ता वितरण गर्न रु.१५,३०,०६,२३८ निकासा भएको छ ।	
६१.२			**समाजिक सुरक्षा कार्यक्रम संचालन:** समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंकबीच हुने सम्झौताको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरणसहित बाँकी रकम भए पालिकालाई उपलब्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगतकट्टा भएमा लगतकट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनुपर्ने र सोको जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछि रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ। पालिकाबाट विभिन्न त्रैमासिकमा विभिन्न बैंकलाई रकम जम्मा गर्न पठाएको रकम मध्ये भुक्तानी नभई निष्क्रिय खातामा रहेको रु.१,७६,६०२ संघीय सञ्चित कोषमा दाखिला भएको छ। नियमति रुपमा लगत अद्यावधिक गरी रकम निष्क्रिय नहुने व्यवस्था गर्नुपर्दछ। लाभग्राहीको खातामा रकम जम्मा: समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा २५ मा बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण अनुसूची-१३ बमोजिम त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विधुतीय माध्यमबाट अनिवार्य रुपमा पठाउनु पर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने व्यवस्था छ। पालिकाले समाजिक सुरक्षा शीर्षकबाट जम्मा ७१५९ लाभग्राहीको खातामा रकम भुक्तानी गर्न बैंकलाई प्रत्येक वडाको विवरण सहित रु.१५,३०,०६,२३८ निकासा दिएकोमा बैंकबाट निम्नानुसार रु.१,७६,६०२ फिर्ता गरेको छ। बाँकी रकम लाभग्राहीको खातामा दाखिला नगरी बाँकी रहेमा समेत संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।वडा नं.११ का लागि रु.५०,२९,०७२ अनुमानित बजेट रहेकोमा रु.४६,९५,७६९ बराबरको चेक मात्र माछापुच्छे बैंक बर्दिवासलाई पठाएकोले समाजिक सुरक्षा भत्ता पूर्ण रुपमा वितरण भएको छैन। बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको विस्तृत विवरण पालिकामा पठाएको छैन।पालिकाले बैँकबाट लाभग्राहीको खातामा रकम जम्मा गरेको विस्तृत विवरण माग गरी फिर्ता रकम यकीन गर्नुपर्दछ। क्र.स. | बैंकको नाम | वडा नं. | भुक्तानी रु. | फिर्ता दाखिला रु १ | महालक्ष्मी विकास बैंक | ७,८ | २७२४४२८७ | ८३५५	

क्र.स.	बैंकको नाम	वडा नं.	भुक्तानी रु.	फिर्ता दाखिला रु
१	महालक्ष्मी विकास बैंक	७,८	२७२४४२८७	८३५५

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
			(table below)	

२	माछापुच्छे बैंक ढल्केवर	६,९,१०	४१७२२०३१	२४८८७
३	सेन्चुरी बैंक	२	१६३२०४४	२२७८३
४	सिभिल बैंक	१	८६२८२२७	०
५	ग्लोबल आईएमई बैंक	५	९०८४०२३	२३५६८
६	माछापुच्छे बैंक बर्दिवास	११	१९४६३११०	०
७	कृषि विकास बैंक	३,४	३०३८७६१५	९७००९
	जम्मा		१५३००६२३८	१७३६०२

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
६१.३			**अनुगमन तथा निरीक्षण:-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन।	
६१.४			**लगत कट्टा**: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा ११ बमोजिम स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्नेमा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ बर्ष सम्म खाता निष्क्रीय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य ब्यक्ति भत्ता प्राप्त गरेको प्रमाणित भएमा स्थानीय तहको वडा कार्यालयमा ३५ दिन भित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जनकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्ष २०७८।७९ मा लाभग्राहीको लगत कट्टा गरेको विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले वास्तविक संख्या एकिन गर्न सकिएन।	
६१.५			**पारदर्शिता**: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ। यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन।	
६२			**वितरणमुखी खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले विपद् व्यवस्थापन, कोभिड-१९ राहत पुर्नस्थापना, आर्थिक सहयोग आदिजस्ता शीर्षकबाट ५००० थान सिरक, ५००० झुल ५००० डाईजेस्टिक बिस्कुट ५०० थान छाता खरिद गरी विभिन्न फर्महरुलाई रु.५७ लाख २१ हजार भुक्तानी दिएको छातसर्थ यस्तो खर्च कार्यविधि तयार गरी वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ।	
६३			**गैर सरकारी संस्था मार्फत खरिद**	

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ। सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थालाई विभिन्न कार्य गरेवापत भुक्तानी गरेको छ। तर त्यस्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर।स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग नगरेको अवस्था छ। पालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ। साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर भुक्तानी गरेको पाईयो। आवश्यक प्रकृया तथा कागजात र खरिद बिधि वेगर सोझै सम्झौता गरी भूक्तानी गरेको नियमसम्मत देखिदैन।	

भौ.नं.	मिति	गै.स.स.को नाम	कार्यक्रम	भुक्तानी रु.
२०७	२०७८।९।२६	ग्रामिण क्षेत्र विकास केन्द्र	वालविवरह तथा दाईजो प्रथा विरुद्द जनचेतनामूलक कार्यक्रम	२९८८८५.००
२५१	२०७८।१०।२१	त्रिरत्न परामर्श सेवा प्रा.लि	वडा नं ११ मा महिला हिंसा विरुद्द जनचेतना मूलक कार्यक्रम	२४८२६२.००
२७४	२०७८।१०।२४	जनकपुर वहिरा संघ	सचेतना र नेतृत्व विकास	१०००००.००
३५९	२०७८।११।२७	महिला पुनर्स्थापना केन्द्र		११०१५१.००
४०७	२०७८।१०।२३	सहयोगात्मक समाज		४,८७,४४१
४१५	२०७८।१२।१४	नेपाल स्काउट	पहिलो किस्ता	२५००००.००
४५८	२०७८।१२।२३	ग्रामिण क्षेत्र विकास केन्द्र	बालभेला सञ्चालन तथा अभिमुखिकरण	९८८७५.००
४६६	२०७८।१२।२८	आस्था नेपाल	माक्स र सेनिटरी प्याड बनाउने तालिम	२९९०००.००
४६९	२०७८।१२।२८	जनकपुर स्कील डेभलप्मेन्ट ईनष्टुट	कम्प्युटर तालिम	२९८०००.००
४७८	२०७८।१२।२९	आस्था नेपाल	महिलाहरुका लागि सिलाई कटाई तालिम	१९८८८०.००
५०१	२०७९।१।५	रातु मिडिया फर्म	जनजाती अभिमुखीकरण कार्यक्रम बापत भुक्तानी	१९८४२८.००
जम्मा				२१००४८१.००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४</td><td>११२</td><td>२०७९-३-२१</td><td>स्यानिटरी प्याड :-
स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमका लागि पालिका र Jasmin Hygiene Products Pvt. Ltd. विराटनगरसँग राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मुल्यमा विक्रेतालाई दिईने छुट सुविधा सहितको मुल्य पठाएको साथै २८० MM साइजको Ultra XL २८० साईजको २८,८५० प्याकेट प्रति गोटा रु.७०.७९ को दरले कूल रु.१६,८८,३४१।५० को खरिद भएको देखिन्छ। जसमा देखिएका व्यहोरा देहाय बमोजिम देखिन्छ।

• नि:शुल्क स्यानिटरी प्याड सम्वन्धी मापदण्डले तोके बमोजिमको स्पेशिफिकेशन बमोजिम रहे नरहेको सम्वन्धमा प्राविधिक मुल्याङ्कन भएको देखिदैन।

• आवश्यकता पहिचान गरेको देखिएन। सामुदायिक विद्यालयमा कार्यविधिले तोकेको कक्षामा अध्ययनरत विद्यार्थीको संख्या, गत वर्ष खरिद गरे नगरेको जस्ता सूचक निर्धारण गरी आवश्यक संख्या पहिचान गरी खरिद गर्नुपर्नेमा सो गरेको देखिएन।

• विद्यालयलाई के कति संख्यामा हस्तान्तरण गरियो र विद्यालयले छात्राहरुलाई वितरण गरे नगरेको सम्वन्धमा पालिकाबाट अनुगमन गर्नुपर्दछ। विद्यालयहरुमा हस्तान्तरण गरेको भरपाई नदेखिँदा सो सम्वन्धमा पालिकाको सम्वन्धित शाखाबाट अनुगमन गरी सो को भरपाई एवं प्रतिवेदन समेत पेश गर्नुपर्ने रु.</td><td>१,६८८,३४२</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम :-
शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २/४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ। उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. ७२ लाख निकासा भएको छ। तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले नगरपालिकामा पेश गरेका छैनन्। तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.

<table>
<tr><td>विद्यालयको नाम</td><td>विवरण</td><td>निकासा रु.</td></tr>
<tr><td>श्री महेन्द्र मा.वि. ढल्केवर</td><td>४ कोठे भवन</td><td>३६००,०००।-</td></tr>
<tr><td>श्री जनता मा.वि.नक्टाझिज</td><td>२ कोठे भवन</td><td>१८००,०००।-</td></tr>
<tr><td>श्री आदर्श राष्ट्रिय मा.वि.लालगढ</td><td>२ कोठे भवन</td><td>१८,००,०००।-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७२,००,०००।-</td></tr>
</table></td><td>७,२००,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
६६			**शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS):-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७8।७9 मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००.का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५०.० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२००.० का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५.० का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ। कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन। शिक्षा शाखा हेर्ने संयोजकको लेखापरीक्षण भन्दा केही दिन पहिलामात्र देहवसान भएकोले वितरण गरिएका सबै रकमका बारेमा स्पष्ट हुन सकिएन ।जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन।	
६७			**शिक्षक तलब:-** यस पालिका अन्तर्गत रहेका विद्यालयका शिक्षक कर्मचारीलाई तलव भत्ता निकासा गर्दा शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलवी प्रतिवेदन पारित नगराइ विद्यालयहरुलाई शिक्षकहरुको तलब वापत निकासा दिएको पाइयो। यस आर्थिक वर्षमा पालिका अन्तर्गत विद्यालयमा कार्यरत शिक्षकको अवकास, सरुवा र मृत्यूको विवरण प्राप्त हुन सकेन। जसबाट वास्तविक हुने भन्दा बढी निकासा दिएको छैन भनी एकिन गर्न सकिएन। तलबी प्रतिवेदन पारित गराएर, अवकाश शिक्षक, सरुवा र मृत्यूको अभिलेख अद्यावधिक गरेरमात्र तलब निकासा दिनुपर्दछ।	
६८	४५	२०७८ -१२-२	**न्यानो झोला वितरण :** पालिकाले मातृशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा कार्यक्रम Birthing Center का लागि न्यानो झोला खरिद गर्न माग गरिएको दररेट बमोजिम आर मल्टिट्रेड प्रा.लि. धनुषासँग प्रति गोटा रु.७९६.४६ (भ्याट बाहेक) का दरले ४०० थान न्यानो झोला खरिद गरेको देखिन्छ। न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन।तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ ।	
६९	७७	२०७९ -२-३०	**औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ।यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी लव मेडिकल हाँल जलेश्वर ४ महोत्तरीलाई रु. १४,९९,९९७- भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन ।खरिद गर्ने औषधिको मुल्य राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन भएको विवरण संलग्न गरेको छैन ।औषधि WHO Certified हो हैन प्राविधिक मुल्याङ्कन भएको देखिएन ।आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।	
७०	५	२०७९ -२-२७	**सडक बत्ती :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) बमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले पालिका भित्रका सडकमा आवश्यक सडक बत्ति खरिद तथा जडान कार्यका लागि जे.वि.ट्रेडर्स जनकपुरसँग १५ थानको प्रति थान रु.१७,६९०।- का दरले रु.२६५,३५०।- (भ्याट बाहेक) भुक्तानी गरेको देखिन्छ। पालिकाले मिति २०७९।०१।०७ मा प्रस्ताव माग गर्दा सडक बत्तीको स्पेशिफिकेशनमा Body Material-Aluminum, Battery Capacity 40 watt र Lighting type LED lithium Battery भन्ने उल्लेख भएको देखिन्छ। तर पालिकामा सामान प्राप्त भएपश्चात तोकिएको स्पेशिफिकेशन बमोजिमको सामान प्राप्त भयो भएन भन्ने सम्वन्धमा प्राविधिक मुल्याङ्कन भएको देखिदैन भने कुनै किसिमको	२९९,८४५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गुणस्तर परीक्षण समेत भएको देखिदैन।सो सडक बत्ती पालिकाको कुन वडाको कुन-कुन ठाँउमा जडान गरिएको हो सो को प्रतिवेदन समेत सम्लग्न भएको नदेखिँदा प्राविधिक मुल्याङ्कन, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>७१</td><td>१७</td><td>२०७९ -३-२३</td><td>सुरक्षित नागरिक आवास कार्यक्रम :-
सुरक्षित नागरीक आवास कार्यन्वयन कार्यविधी,२०७५को दफा ५ उपदफा ८ मा लाभग्राहीले प्राप्त पहिलो किस्ताको ६० प्रतिशत रकमबाट जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्यसम्पन्न भएको भनी सम्वन्धित स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिम प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापतको ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउने व्यवस्था रहेको छ।पालिकाले वडा नं.४ मा ११४ वटा र बाँकी रहेका वडामा १४२ वटा आवास निर्माणका लागि यस आ.ब.मा रु.४८,००,०००।-खर्च लेखेको देखिन्छ। सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयका लागि कार्यविधिले तोकेबमोजिम पहिलो, दोस्रो र अन्तिम किस्ताको रकम निकासा भएको भन्ने स्पष्ट कागजात भौचरसँग सम्लग्न भएको देखिएन जसबाट के कति काम भएको छ स्पष्टता हुन सकिएन । अत: खर्चको सदुपयोगको सुनिश्चिताको लागि कार्यक्रमको अनुगमन गरी कार्यविधिले तोकेको बमोजिम खर्च भए नभएको सन्दर्भमा प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने अन्यथा सोहि कार्यविधिको दफा ६ बमोजिम सम्वन्धितबाट असुल गर्नुपर्ने रु.</td><td>४,८००,०००</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>पकेट विकास कार्यक्रम :-
पालिकाले कृषि विकास शाखा, पशु विकास शाखाबाट अनुदानका लागि कृषक र कृषक समुह छनौट तथा मुल्याङ्न गर्न कार्यविधि तयार गरी सोहि बमोजिम लाभग्राही छनौट, मुल्याङ्कन गर्ने कार्यहरु गर्नुपर्दछ । पालिकाले निम्नानुसार अनुदान कार्यक्रम सञ्चालन गरेकोमा कार्यविधि तयार गरेको पाईएन वडाको सिफारिसको आधारमा कृषक छनौट गरी अनुदान दिएको छ । जसमा देखिएको व्यहोरा निम्नासार छन् :
<table>
<tr><th>क्र.स.</th><th>मुख्य क्रियाकलाप</th><th>खर्च रु.</th></tr>
<tr><td>१</td><td>कृषि प्रसार तथा तालिम कार्यक्रम</td><td>१,००,०००।-</td></tr>
<tr><td>२</td><td>कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास कार्यक्रम</td><td>१९,०६,०००।-</td></tr>
<tr><td>३</td><td>कृषि सूचना तथा संचार कार्यक्रम</td><td>३,००,०००।-</td></tr>
<tr><td>४</td><td>फलफुल विकास कार्यक्रम</td><td>७,५०,०००।-</td></tr>
<tr><td>५</td><td>बाली विकास तथा संरक्षण कार्यक्रम</td><td>२५,९०,७४०।-</td></tr>
<tr><td>६</td><td>बिउँ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम</td><td>२८,३७,००४।५०</td></tr>
</table>
• पकेट विकास कार्यक्रम अन्तर्गत कुल विल रकमबाट निर्देशिकाले तोकेको ५० प्रतिशत अनुदान वापतको रकम मात्र पालिकाले भुक्तानी गरेको देखिन्छ। तर लाभग्राहीको तर्फबाट बाँकी ५० प्रतिशत रकम जम्मा गरेको कुनै भौचर तथा निस्सा प्रमाण देखिदैन जसले गर्दा लाभग्राहीको तर्फबाट ५० प्रतिशत रकम जम्मा भयो भनी स्पष्ट हुन सकिएन। अत: सेवाग्राहीबाट समेत ५० प्रतिशत रकम जम्मा भएको यकिन हुने गरी निस्सा राख्नुपर्ने देखिन्छ ।

• कृषकहरुलाई सामाग्री वितरणको मापदण्ड स्पष्ट छैन। वडाले व्यक्तिको नाममात्र उल्लेख गरी सिफारिस गरेको र सोही बमोजिम पालिकाले सामान वितरण गरेको देखिन्छ।जसमा दोहोरो वितरण भएन भनी स्पष्ट हुने आधार छैन ।आर्थिक अवस्था के कस्तो थियो, वास्तविक कृषक हो होइन जस्ता सूचकको प्रयोग भएको देखिदैन।अत:पालिकाले वितरण सम्वन्धी स्पष्ट मापदण्ड तयार गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• वितरित विउँ विजनको उमार शक्ति परीक्षण, समयावधी जस्ता स्पेशिफिकेशन तोके बमोजिमको सामान प्राप्त भयो भन्ने प्राविधिक मुल्याङ्कन भएको देखिदैन। जसले प्राप्त समाग्रीको गुणस्तरमा सुनिश्चितता हुन सक्ने आधार भएन। यस तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।वितरण भएको सामानको प्रयोगको शर्तहरु पालिकाले तय गरेको देखिदैन।जस्तो अनुदानमा वितरण गरेको ट्याक्टरको सञ्चालन भाँडा के कति हुने जस्ता विषयमा स्पष्ट पार्नु पर्ने देखिन्छ ।	
७३	१२	२०७८ -७-१६	**खाद्य पकेट विकास कार्यक्रम :-** खाद्यान्न वालीको उन्नत बिउँ उपयोगमा मुल्य अनुदान कार्यक्रम अन्तर्गत पालिका भित्रका वडाहरुको सिफारिस बमोजिम पालिकाको ५० प्रतिशत अनुदानमा ६९६२ के.जी. गहुँको बिउँ प्रति के.जी. ७२ का दरले रु.४,९८,२०० मा लोटस सिड कम्पनी प्रा.ली. लाहान-११ सिराहासँग कोटेशन विधिमार्फत खरिद गरेको छ । मिति २०७८।०८।१९ मा पालिका र लोटस प्रा.लि.बिच भएको सम्भौतामा गहुँको स्तर, लट नम्वर, उमार शक्ति र विउँ उपचार गरिएको तथा नगरिएको स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने भन्ने व्यवस्था रहेको देखिन्छ । तर मिति २०७८।०८।२६ गतेको दाखिला प्रतिवेदनसाथ उल्लेखित व्यवस्थाहरुको परीक्षण भएको देखिदैन। वितरण भरपाईमा कृषकको पहिचान खुल्ने कुनै कागजात तथा सम्पर्क नं समेत नराखेको र पालिका तथा वडा कार्यालयबाट समेत प्रमाणित भएको पाइएन ।विउँ वितरण मापदण्ड समेत तयार गरेको छैन । अत: वितरण गरिएको विउँको गुणस्तर परीक्षण तथा उमार शक्ति परीक्षणको प्रतिवेदन एवं वितरित गहुँको प्रभावकारिताको सम्वन्धमा पालिकाले निरीक्षण गरी प्रतिवेदन संलग्न गरेको छैन । कृषकको तर्फबाट ५० प्रतिशतले हुन आउने रु ४९८२४०।- व्यहोरेको प्रमाण पेश भएन ।अत: सो पेश हुनुपर्ने रु.	४९८,२४०
७४	८५	२०७९ -३-६	**पकेट विकास कार्यक्रम :-** कृषि तर्फका साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम निरन्तरता कार्यक्रम अन्तर्गत पालिका वडा नं.२ र ३ का लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको कार्यक्रम निर्देशिकाको परिधीभित्र रही संचालन गर्न पकेट संचालन समन्वय समितिको माग र प्राविधिक समितिको निर्णय बमोजिम माग गरिएको किल पेष्ट प्रति थान रु.४,५०० का दरले ६ थानको रु.२७ हजारमा खरिद भएको देखिन्छ। सो मध्ये लेखापरीक्षण अवधिसम्म स्टोरमा ४ थान वितरण नभई मौजात रहेको देखिन्छ। यसरी माग आङ्कलन नगरी खरिद गेरर भण्डारमा राख्ने कार्य उपयुक्त नदेखिएकोले यस्ता कार्यहरु आगामी दिनमा नियन्त्रण गर्नुपर्ने देखिन्छ। स्टोरमा रहेको ४ थान किल पेष्ट वितरण भएको भरपाई (५० प्रतिशत अनुदान) पेश गर्नुपर्दछ ।	
७५	१३०	२०७९ -३-२३	**नगद वितरण :-** आयकर ऐन, ०५८ को दफा २१ मा पटके प्रकृतिको रु.३ हजारसम्म ज्याला बाहेक नगदमा भुक्तानी दिन नमिल्ने व्यवस्था रहेको छ। पालिकाले राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम अन्तर्गत अन्तर्गत स्वंयसेविकाको यातायात खर्च १ हजारका दरले र पोशाक खर्च एकमुष्ट रु.१० हजार का दरले ५२ जना स्वास्थ्य स्वयंसेविकालाई कूल रु.११,३९,०००।– भरपाई गरी नगदै वितरण गरेको देखिन्छ।यसरी रु.३ हजार माथिको प्रत्येक कारोवार बैंकिङ्ग प्रणाली मार्फत गर्नुपर्ने व्यवस्थाको विपरीत नगदै भुक्तानी गर्ने कार्यलाई आगामी दिनमा नियन्त्रण गरी बैकिङ्ग प्रणालीमार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।	
७६	१६	२०७९ -३-२३	**ल्याव व्यवस्थापन अनुदान :-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/०७९ को क्रियाकलाप नं. ११.१.२.४४५ बमोजिम केन्द्रबाट छनोट भएका नमुना विद्यालयको कक्षा ११ स्तोन्नति भएका विद्यालयको ल्याव व्यवस्थापन अनुदान बमोजिम नगरपालिकाले कक्षा ११ मा स्तरोन्नती भएका प्राविधिक विद्यालयको ल्याव व्यवस्थापन अनुदान अन्तर्गत श्री सार्वजनिक माध्यामिक विद्यालयलाई रु.१ करोड ३० लाख निकासा भएको सो रकमबाट विद्यालयले के कति काम गर्नुपर्ने भन्ने सन्दर्भमा प्राविधिक मुल्याङ्कन, लागत अनुमान लगायतका खरिद विधीसँग सम्वन्धित कागजात संलग्न भएको देखिएन।अत: निकासा भएको रकमबाट भएको कार्यको सम्वन्धमा बिल भरपाई सहित कार्यसम्पन्न प्रतिवेदन सहितको कागजात पेश गर्नुपर्ने रु.	१३,०००,०००
७७			**ठेक्काको आयकर** .मिथिला पालिका अन्तर्गत रहेका रातु, जलाद, जगधर, बसही, औरही र बडहरी समेत ६ खोलाको ठेक्का लगाउँदा ठेक्का सम्बन्धी शर्तमा कबोलकर्ता आयकर वापत १.५ प्रतिशत हुने रकम यस पालिका वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय मा बुझाउनुपर्ने व्यवस्था छ साथ पालिकाले आफ्नो क्षेत्रभित्रका नदीबाट EIA प्रतिवेदनका आधारमा नदीजन्य पदार्थ (ढुगा, गिटि, बालुवा र ग्राभेल आदि) उत्खनन	५२७,२६५

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
			गरी आन्तरिक राजश्व संकलनका लागि ठेक्का बन्दोवस्त गर्नुपर्दछ। नगरपालिकाले जनसंख्या तथा वातावरण मन्त्रालयवाट EIA प्रतिवेदन तथा उत्खनन गर्न स्वीकृत लिएको प्रमाण कागजात पेश भएन।कबोल कर्ता जे एन सप्लार्यससँग रु.३,५१,५१,००१ मा सम्झौता भएकोमा कबोल अंकको १.५ प्रतिशतले हुने आयकर रु ५२७२६५ दाखिला गर्नुपर्नेमा सो दाखिला नगरेको हुँदा असुल गरी दाखिला गर्नुपर्ने रु	
७८			**समयमा दाखिला** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम प्राप्त हुने राजश्व सोही दिन र सोदिन सम्भव नभए सोको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिका अन्तर्गतका वडा पालिकाहरुले उठाउने राजश्व समयमा दाखिला नगरी एक महिना वा दुई महिना पछि मात्र दाखिला गर्ने गरेको पाइयो। प्रचलित ऐनले तोकेको अनुसार समयमा नै राजश्व दाखिला गराउनु पर्दछ।	
७९			**सवारी साधन भाडा** पालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०७८ को अनुसूची-१ मा कार्यालयमा रहेको १४ वटा ठूलो सवारी साधनको भाडा दर तोकेको छ। लेखापरीक्षणको क्रममा पालिकाले उक्त सवारी साधनको भाडा दर र यसका आ.व.मा रु.३,७९,५०० मात्र आम्दानी भएको र मर्मत वापत रु.२२,३७,९१६ खर्च भएको छ। उक्त आम्दानी कुन गाडीबाट कति आम्दानी भएको हो सोको स्पष्ट विवरण तथा लगत पेश गरेको छैन। साथै रोड रोलर १, सक्सन मेसिन १, ट्रिपर १, ट्रयाक्टर ५, ग्रेडर १, जे.सि.बी. २, पानी टंकी १, जिप २ को पूर्ण रुपमा लगबुक नराखेकोमा पालिकाले यसवर्ष उत्त सवारी साधन प्रयोग भएको योजना विवरण, भाडामा प्रयोग भएको विवरण पेश गर्नुपर्दछ।	

सवारीको नाम	लगबुक		प्रयोग घण्टा	इन्धन प्रयोग लिटरमा	दर प्रति घण्टा	मर्मत खर्च
	देखि श्रावन १	सम्म अषाढ ३१				
जे.सी.बी. ००१२	२०३०	२८७६	८४६	६६३०	११००	४८७७४८
जे.सी.बी. ५४०५	पेश नभएको	पेश नभएको		७१९०	११००	४८२८४८
रोड रोलर	३८४	५६५	१८१	१०५०	१८००	२९६४९
ग्रेडर	१	८५	८५			
ट्रयाक्टर १, सक्सन, पानी टङ्की	पेश नभएको	पेश नभएको	पेश नभएको		१५०० प्रति टिप	११२१९९
जिप गाडी नं ००३१	पेश नभएको	पेश नभएको	पेश नभएको	५०३०		२८५६७४
ट्रिपर	पेश नभएको	पेश नभएको	पेश नभएको	१३५०	३००	९१६८५
ट्रयाक्टर ४	पेश नभएको	पेश नभएको	पेश नभएको	९०००	२०००० प्रति टिप	३६५४१७

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>आय बाँडफाँड
मधेश प्रदेश आर्थिक ऐन, २०७८ को दफा ७ मा बालुवा र गिटी ठेक्काबाट प्राप्त आयको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष बालुवा बिक्रीबाट प्राप्त आय रु.३,३३,९३,४५०।९५ को ४० प्रतिशत रु.१,३३,५७,३८०।३८ प्रदेश सञ्चित कोष दाखिला गरेको देखिएन। अतः आर्थिक ऐन अनुसार प्राप्त आयको ४० प्रतिशत प्रदेश सञ्चित कोष फिर्ता गर्नु पर्ने रु.</td><td>१३,३५७,३८०</td></tr>
<tr><td>८१</td><td></td><td></td><td>सिफारिस संख्या र नगदी रसिद संख्या बिच फरक
मिथिला पालिकाको आर्थिक ऐन,२०७८ अनुसार सिफारिस प्रकृति अनुसार विभिन्न दरमा सिफारिस दस्तुर लिने व्यवस्था छ। लेखापरीक्षणको क्रममा वडाहरुले राखेको चलानी किताबमा सिफारिसको संख्या र नगदि रसिद काटेको संख्यामा ठूलो परिमाणमा फरक देखिएकोले पालिकाले यकिन गर्नुपर्ने देखिन्छ।
<table>
<tr><td>वडा नं</td><td>चलानी किताबमा सिफारिसको संख्या</td><td>नगदी रसिदको संख्या</td><td>फरक संख्या</td></tr>
<tr><td>१</td><td>१७२९</td><td>५२४</td><td>१२०५</td></tr>
<tr><td>२</td><td>१९६१</td><td>९४९</td><td>१०१२</td></tr>
<tr><td>३</td><td>२०६८</td><td>३९५</td><td>१६४३</td></tr>
<tr><td>४</td><td>१३२०</td><td>५९०</td><td>७३०</td></tr>
<tr><td>५</td><td>१३३३</td><td>५६१</td><td>७७२</td></tr>
<tr><td>६</td><td>२७३८</td><td>१५५४</td><td>११८४</td></tr>
<tr><td>७</td><td>२०५२</td><td>१२२९</td><td>८२३</td></tr>
<tr><td>८</td><td>१९६८</td><td>६२२</td><td>१३४६</td></tr>
<tr><td>९</td><td>२९८५</td><td>५८९</td><td>२३९६</td></tr>
<tr><td>१०</td><td>१७३५</td><td>८८३</td><td>८५२</td></tr>
<tr><td>११</td><td>१३७६</td><td>६८१</td><td>६९५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१२६५८</td></tr>
</table></td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>जिन्सी दाखिला</td><td>५८,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को दफा ९५ अनुसार पालिकाले खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएका सम्पत्ति तथा जिन्सी मालसामानको विवरण मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अधाविधक गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारको समानहरु रू.५८,००० मा खरिद गरेकोमा कार्यालयमा जिन्सी दाखिला गरेको नदेखिएकोले दाखिला प्रमाण पेश हुनुपर्ने रु.	

गो.भौ.नं./मिति	सामानको विवरण	भक्तानी पाउने	खर्च रु.
१५३-३।२६	धान विउ (HH-1)F1 ६० के.जी.	उमेश कुमार महतो	१९७५०
१५३-३।२६	किटनाशक औषधि	उमेश कुमार महतो	३८२५०
			५८०००